## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०६७-WO-०५८०, उत्प्रेषणयुक्त परमादेश, *कृष्णबहादुर कार्की वि. डम्बरबहादुर कार्कीसमेत*

विवादित जग्गा डम्बरबहादुर कार्कीबाट खरीद गरेको राजीनामाको लिखतसमेतको आधारमा साविकमा खोमबहादुर र कृष्णजी शर्माको नाममा नापी दर्ता भएको र पछि कृष्णजी शर्माले आफ्नो पत्नी श्यामलादेवीलाई अंश भरपाई गरिदिएको भन्ने विपक्षीको लिखित जवाफबाट देखिन आउँछ । यसरी साविक दर्ता स्रेस्ताको आधारमा २०६१ सालको सर्भे नापीमा साविक कि.नं. ४३० हाल कि.नं. ७७ को जग्गा विपक्षी खोमबहादुर कार्कीको नाममा र ४३३ को हाल कि.नं. ७९ को जग्गा विपक्षी श्यामलादेवी तिवारीको नाममा दर्ता स्रेस्ता भएको भन्ने देखिन आउँछ । श्यामलादेवीको नामको जग्गा अंश मुद्दाको फैसला कार्यान्वयनबाट विपक्षी बलराम तिवारी र झंकनिधि तिवारीसमेतको नाममा दा.खा. दर्ता भएको देखिन आउँछ । यी रिट निवेदकले विपक्षीहरूको नाममा भएको साविक दर्ता स्रेस्ताउपर र विपक्षीहरू बीच चलेको अंश मुद्दाउपर कुनै चुनौती दिएको भनी रिट निवेदनमा कुनै व्यहोरा खुलाउन सकेको अवस्थासमेत नदेखिने ।

निवेदक र विपक्षीको लेखाइबाट विवादित जग्गाको सम्बन्धमा यिनै रिट निवेदक र विपक्षी डम्बरबहादुर कार्कीसमेतबीच कास्की जिल्ला अदालतमा नापी दर्ता बदर र दा.खा. दर्ता बदर हक कायम मुद्दा परी हाल सो मुद्दा सो अदालतमा विचाराधीन अवस्थामा रहेको भन्ने देखिएको छ । निवेदकले रिट निवेदनमा उल्लेख गरेअनुसार निवेदन दावीको जग्गामा निजको हक कायम हुने हो होइन, सो जग्गाको विपक्षीहरूका नाममा भएको दर्ता स्रेस्ता बदर हुने हो होइन भन्ने तथ्यको निरुपण उक्त मुद्दाको मिसिल संलग्न वादी प्रतिवादीको भनाई र निजहरूले पेश गरेको सबूद प्रमाणको मूल्याङ्कन गरी कास्की जिल्ला अदालतबाट निर्णय गर्दा बोलिने विषय हो । साधारण अधिकारक्षेत्रअन्तर्गत मातहतको अदालतमा मुद्दा परी सबूद प्रमाणको मूल्याङ्कनबाट बोलिने विषयमा यस अदालतबाट असाधारण अधिकारक्षेत्रको प्रयोग गरी त्यस्तो विचाराधीन रहेको मुद्दालाई असर पर्ने गरी बोल्न मिल्ने अवस्थासमेत हुँदैन । उक्त विचाराधीन मुद्दाको हक बेहकको टुङ्गो नलाग्दै जग्गा रोक्का राखेको वा फुकुवा गरेको आदेशको औचित्यमा प्रवेश गर्न मिल्ने अवस्था नहुँदा निवेदकले माग गरेको विषयमा कास्की जिल्ला अदालतमा मुद्दा परी हाल विचाराधीन रहेको नापी दर्ता दा.खा. बदर कायम मुद्दामा सबूद प्रमाण बुझी ठहरेबमोजिम इन्साफ बोलिने विषय भएकोले त्यस्तो विषयमा हस्तक्षेप हुने गरी यस अदालतबाट रिटक्षेत्रबाट बोल्न मिल्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६९ साल फागुन १६ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६७-WO-०९०७, उत्प्रेषणयुक्त परमादेश, *खोमबहादुर खत्रीक्षेत्री वि. कृष्णबहादुर कार्कीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०६७-WO-१०२४, परमादेश, *उपभोक्ता हित संरक्षण मञ्च, नेपालको तर्फबाट अख्तियार प्राप्त भई आफ्नो हकमासमेत अधिवक्ता ज्योति बानियाँसमेत वि. पूर्व कार्यकारी निर्देशक भक्तमान श्रेष्ठ, वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर चितवनसमेत*

वी.पी.कोइराला मेमोरियल अस्पताल, भरतपुर चितवनमा लगाइएको ताला यस अदालतबाट मिति २०६८।१।२० मा आदेश प्राप्त भएको मितिबाट २४ घण्टाभित्र अस्पताल सुचारू गर्नु, गराउनु भनी विपक्षीहरूका नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी भएपश्चात् मिति २०६८।१।२१ देखि नै अस्पतालमा लगाइएको सम्पूर्ण तालाबन्दी खुलाई पूर्णरूपमा सेवा सञ्चालनमा रहेको भनी उल्लेख भएको पाइएको र यस अदालतको मिति २०६८।६।२६ को आदेशबमोजिम उक्त अस्पताल सञ्चालनमा कुनै बाधा व्यवधान छ, छैन खुलाई पठाउनु भनी उक्त अस्पतालका कार्यकारी निर्देशकलाई यस अदालतको च.नं. १४३४, मिति २०६८।६।३० को पत्रद्वारा सोधनी गरी पठाइएकोमा सो अस्पतालका कार्यकारी निर्देशकबाट मिति २०६८।१।२० गते सम्मानीत अदालतबाट अन्तरिम

आदेश जारी भएपछि आंशिकरूपमा अस्पताल खुल्ला भई सञ्चालन भएको र पछि पुनः केही व्यक्तिले अस्पताल सञ्चालनमा बाधा पुऱ्याएकोले पुनः म निवेदक विरूद्ध स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत विपक्षी भएको २०६७-WO-१०५८ को रिटमा मिति २०६८।२।४ मा सम्मानीत अदालतबाट अन्तरिम आदेश जारी भएपश्चात् केही सजिलो भई हाल पूर्ण रूपमा अस्पताल सञ्चालनमा आएको व्यहोरा अनुरोध गर्दछु भनी च.नं. २४१६ मिति २०६८।१२।१३ मा यस अदालतलाई जानकारी पठाइएको कुरा मिसिल संलग्न रहेको पत्रबाट देखिँदा जुन काम गरिपाऊँ भनी रिट निवेदन परेको हो सो काम भैसकेको देखिएबाट प्रस्तुत रिट निवेदन निष्प्रयोजित भएकोले निवेदकको मागबमोजिम परमादेशको आदेश जारी गरिरहनु पर्ने कुनै अवस्था र औचित्य नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल फागुन १६ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६७-WO-१०५८, परमादेश, *कार्यकारी निर्देशक डा. लक्ष्मीनारायण सिंह वि. अध्यक्ष, अखिल नेपाल स्वास्थ्य श्रमिक संघ, वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर चितवनसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६७-WO-११५५, उत्प्रेषणयुक्त परमादेश, *डा. सम्झना कोइरालासमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत*

निवेदकहरू वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर चितवनको सञ्चालक समितिको सदस्यमा मनोनीत सदस्यका रूपमा रही आफ्नो पदीय जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गरी आएकोमा विपक्षीले हामी रिट निवेदकहरूले तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेको भनी हामीलाई आफूअनुकूल मानिसहरू भर्ती गरी आफ्नो अभीष्ट पूरा गर्ने बद्नियतसाथ पदबाट किन हटाउने भनी मिति २०६८।२।३० मा भएको मन्त्रिस्तरीय निर्णय र सो आधारमा सोधिएको स्पष्टीकरणको पत्रलगायतका कार्यहरू उल्लिखित वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ को दफा ४, ५, ६, ७, ८ र नियमावलीको प्रतिकूल भई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३ र १८ द्वारा प्रदत्त हकमा आघात परेको हुँदा उक्त मिति २०६८।२।३० को निर्णय र सो आधारमा सोधिएको मिति २०६८।२।३१ को स्पष्टीकरणपत्र उत्प्रेषणको आदेशद्वारा बदर गरी ऐनको दफा ७(२) बमोजिमको अवधिसम्म यथावत् कार्य गर्न दिनु भनी विपक्षीका नाउँमा परमादेशको आदेशसमेत जारी गरिपाऊँ भन्ने नै निवेदकहरूको मुख्य निवेदन माग दावी रहेको देखिन्छ भने निवेदकहरूले ऐनले तोकेबमोजिमको जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह नगरेको कारणबाट कानूनमा भएको व्यवस्थाअनुसार सञ्चालक समितिको सदस्यबाट हटाउने प्रयोजनका लागि स्पष्टीकरण सोधिएको हो भन्ने विपक्षीहरूको लिखित जवाफमा उल्लेख भएको पाइन्छ ।

विपक्षीहरूले यस अदालतमा पेश गरेको लिखित जवाफ तथा उल्लिखित कानूनी व्यवस्थालाई समेत हेर्दा यी निवेदकहरूलाई हाल स्पष्टीकरण माग गरेको अवस्थासम्म रहेको देखिएको र मागबमोजिमको स्पष्टीकरण दिई सफाइ लिने मौका बाँकी नै रहेको अवस्था देखिन्छ । साथै, उक्त स्पष्टीकरण पेश गरिसकेपश्चात् सम्बन्धित निकायबाट गैरकानूनी निर्णय भएमा कानूनी उपचार माग गरी आउन सक्ने अवस्था बाँकी नै रहेको अवस्था देखिन्छ । यस्तो अवस्थामा अहिले नै कानूनबमोजिम कारवाही गर्न पाउने अधिकारलाई निस्तेज पार्ने गरी आदेश गर्नु हतार हुनुको साथै कानूनबमोजिम अधिकारप्राप्त निकायले स्पष्टीकरण माग गरी भैरहेको कारवाहीमा यस अदालतबाट हस्तक्षेप गर्नसमेत नमिल्ने हुनाले निवेदकहरूको मागबमोजिम उत्प्रेषणयुक्त परमादेश जारी गर्न मिल्ने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल फागुन १६ गते रोज ४ शुभम् ।

**इजलास नं. २**

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-०३७७, ०४७७, निषेधाज्ञा, *काठमाडौं*

*उपत्यका नगर विकास समिति, अनामनगर, काठमाडौंसमेत वि. सुनकेशरी जोशीसमेत, अच्युतप्रसाद सापकोटा वि. सुनकेशरी जोशीसमेत*

सडक नयाँ निर्माण गर्दा वा निर्माण भैसकेको सडक साँगुरो भई विस्तार गर्नुपर्दा सो सडकले विस्थापित गरेको जग्गा, घर, टहरा, पर्खालगायतको अचल सम्पत्तिको स्वामित्ववालालाई कानूनबमोजिम मुआब्जा वा क्षतिपूर्ति दिनुपर्ने हुन्छ । यसै सन्दर्भमा संवैधानिक एवं कानूनी व्यवस्था हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ ले प्रत्येक नागरिकलाई सम्पत्तिसम्बन्धी हकको व्यवस्था गरी धारा १९ को उपधारा (१) मा "प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक हुनेछ " भनी नेपाली नागरिकको सम्पत्तिसम्बन्धी संवैधानिक हकको प्रत्याभूति गरेको देखिन्छ । सोही धारा १९ को उपधारा (३) मा "...सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सिर्जना गर्दा कानूनबमोजिम क्षतिपूर्ति दिइनेछ । क्षतिपूर्ति र सोको आधार र कार्य प्रणाली कानूनद्वारा सिर्जना गरिएबमोजिम हुनेछ" भन्ने संवैधानिक व्यवस्थाबाट सम्पत्तिसम्बन्धी हक कानूनद्वारा निर्धारण गरिएको हक भई व्यक्तिगत हकको रूपमा रहेको देखिन्छ । सार्वजनिक हितका लागि कानूनद्वारा निर्धारित सीमाहरू भित्र व्यक्तिले बस्नुपर्ने हुनाको साथै व्यक्तिको त्यस्तो साम्पत्तिक हकमा सार्वजनिक उपभोगका नाममा राज्यले पनि जथाभावी गैरकानूनी हस्तक्षेप गर्न नहुने ।

राज्यले सार्वजनिक उपभोगका लागि व्यक्तिगत सम्पत्ति प्राप्त गर्नुपर्ने आफ्नै किसिमको बाध्यात्मक अवस्था एकातिर अवश्य नै होला । अर्कोतर्फ व्यक्तिले पनि आफ्नो सम्पत्ति सार्वजनिक उपभोगका लागि त्याग गर्नुपर्दा सहनुपर्ने बाध्यताको अतिरिक्त उसले सोबापतमा क्षतिपूर्ति पाउनुपर्ने न्यायोचित कुराको पनि आफ्नै महत्त्व हुने हुँदा त्यसतर्फ राज्य सदैव चनाखो रहनुपर्ने हुन्छ । यसै तथ्यलाई मध्यनजर राखी राज्यद्वारा व्यक्तिगत सम्पत्ति प्राप्त गर्नुपर्दा कानूनद्वारा क्षतिपूर्ति निर्धारण गरेर मात्रै प्राप्त गर्नुपर्ने गरी उल्लिखित संवैधानिक संरक्षण प्रदान गरिएको हो । यसरी राज्यले नागरिकको घर जग्गालगायतको कुनै पनि सम्पत्ति प्राप्त गर्दा क्षतिपूर्ति नदिई प्राप्त गर्न संविधानद्वारा नै बन्देज लगाई नागरिकको सम्पत्तिसम्बन्धी हकको संरक्षण गरेको अवस्था स्पष्ट हुने ।

उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थासमेतका आधारमा कानूनमा व्यवस्था भएदेखि बाहेकको तरीकाबाट कुनै पनि व्यक्तिको सम्पत्तिमा राज्यले हस्तक्षेप गर्नसक्ने अवस्था नरहेको र विपक्षीहरूले नगर विकास ऐन, २०४५ को दफा १२.२ बमोजिम बाटो विस्तारको क्रममा मुखमा रहेका जग्गाका जग्गाधनी वा मोहीले जग्गा दिन नमानेमा मात्र कानूनबमोजिम मुआब्जा दिने व्यवस्था रहेको र अन्य जग्गाको हकमा बाटो चौडा गर्दा मुआब्जा दिने व्यवस्था नरहेको भनी लिखित जवाफमा उल्लेख गरेको अवस्था देखिन्छ । यसर्थ सडक निर्माण वा विस्तारलगायतको जुनसुकै किसिमको सार्वजनिक उपभोगको लागि पनि राज्यले कानूनबमोजिम बाहेक बिनामुआब्जा वा क्षतिपूर्ति व्यक्तिको जग्गा अतिक्रमण गर्न नमिल्ने हुनाले पुनरावेदन अदालत, पाटनको निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

सडक विस्तार गर्न मुआब्जा वा क्षतिपूर्ति नलिईकनै विपक्षीहरूलाई जग्गा दिन निवेदकहरूको सहमति रहेको भन्ने नदेखिँदा कानूनबमोजिम मुआब्जा वा क्षतिपूर्ति दिएको अवस्थामा बाहेक निवेदकहरूको निर्विवाद हक भोगका घर कम्पाउण्डमा अतिक्रमण गरी सडक विस्तार गर्ने जस्ता कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६६।१२।०४।४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६९ साल पुस १२ गते रोज ५ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CI-०३७६, ०४१३, ०४७६, निषेधाज्ञायुक्त परमादेश, *काठमाडौं उपत्यका नगर विकास समिति, अनामनगर, काठमाडौंसमेत वि. गुणकेशरी प्रधानसमेत, कविता भट्टराईसमेत वि. गुणकेशरी प्रधानसमेत, थीरबम सडक विकास*

*उपभोक्ता समिति, का.म.न.पा. वडा नं. ४ बालुवाटारका अधिकारप्राप्त अध्यक्ष अच्युतप्रसाद सापकोटा वि. गुणकेशरी प्रधानसमेत*

- ०६७-CI-०३७८, निषेधाज्ञायुक्त परमादेश, *काठमाडौं उपत्यका नगर विकास समिति, अनामनगर, काठमाडौंसमेत वि. शङ्कर महर्जनसमेत*
- ०६८-CI-०३७९, निषेधाज्ञा, *काठमाडौं उपत्यका नगर विकास समिति, अनामनगर, काठमाडौंसमेत वि. उर्मीला मल्ल*
- ०६७-CI-०३८०, निषेधाज्ञा, *काठमाडौं उपत्यका नगर विकास समिति, अनामनगर, काठमाडौंसमेत वि. इन्दुदेवी रिजाल*
- ०६७-CI-०३८१, ०४७९, निषेधाज्ञा, *काठमाडौं उपत्यका नगर विकास समिति, अनामनगर, काठमाडौंसमेत वि. बद्रीभक्त प्रधानसमेत, थीरबम सडक विकास उपभोक्ता समिति, का.म.न.पा. वडा नं. ४, बालुवाटारका अधिकारप्राप्त अध्यक्ष अच्युतप्रसाद सापकोटा वि. बद्रीभक्त प्रधानसमेत*
- ०६७-CI-०३८२, निषेधाज्ञायुक्त परमादेश, *काठमाडौं उपत्यका नगर विकास समिति, अनामनगर, काठमाडौंसमेत वि. महेशप्रसाद राई*
- ०६७-CI-०३८३, निषेधाज्ञायुक्त परमादेश, *काठमाडौं उपत्यका नगर विकास समिति, अनामनगर, काठमाडौंसमेत वि. घनश्याम राजकर्णिकार*
- ०६७-CI-०३८४, निषेधाज्ञायुक्त परमादेश, *काठमाडौं उपत्यका नगर विकास समिति, अनामनगर, काठमाडौंसमेत वि. इन्दुराज सुवेदी*
- ०६७-CI-०३८६, ०४७४, ०४७९, निषेधाज्ञायुक्त परमादेश, *काठमाडौं उपत्यका नगर विकास समिति, अनामनगर, काठमाडौंसमेत वि. सुन्दरमान श्रेष्ठसमेत, थीरबम सडक विकास उपभोक्ता समिति, का.म.न.पा. वडा नं. ४ बालुवाटारका अधिकारप्राप्त अध्यक्ष अच्युतप्रसाद सापकोटा वि. सुन्दरमान श्रेष्ठ, थीरबम सडक विकास उपभोक्ता समिति, का.म.न.पा. वडा नं. ४ बालुवाटारका अधिकारप्राप्त अध्यक्ष अच्युतप्रसाद सापकोटा वि. बद्रीभक्त प्रधानसमेत*
- ०६७-CI-०३८५, ०४१२, ०४७५, निषेधाज्ञायुक्त परमादेश, *काठमाडौं उपत्यका नगर विकास समिति, अनामनगर, काठमाडौंसमेत वि. भावना थापासमेत, कविता राईसमेत वि. भावना थापासमेत, थीरबम सडक विकास उपभोक्ता समिति, का.म.न.पा. वडा नं. ४ बालुवाटारका अधिकारप्राप्त अध्यक्ष अच्युतप्रसाद सापकोटा वि. भावना थापासमेत*
- ०६७-CI-०३८७, ०४८०, निषेधाज्ञायुक्त परमादेश, *काठमाडौं उपत्यका नगर विकास समिति, अनामनगर, काठमाडौंसमेत वि. द्वारिका श्रेष्ठसमेत,, थीरबम सडक विकास उपभोक्ता समिति, का.म.न.पा. वडा नं. ४ बालुवाटारका अधिकारप्राप्त अध्यक्ष अच्युतप्रसाद सापकोटा वि. प्रशान्त पौडेल*
- ०६७-CI-०३८८, ०४७८, निषेधाज्ञायुक्त परमादेश, *काठमाडौं उपत्यका नगर विकास समिति, अनामनगर, काठमाडौंसमेत वि. रञ्जन उपाध्यायसमेत, थीरबम सडक विकास उपभोक्ता समिति, का.म.न.पा. वडा नं. ४, बालुवाटारका अधिकारप्राप्त अध्यक्ष अच्युतप्रसाद सापकोटा वि. रञ्जन उपाध्यायसमेत*
- ०६७-CI-०३८९, निषेधाज्ञा, *काठमाडौं उपत्यका नगर विकास समिति, अनामनगर, काठमाडौंसमेत वि. प्रमिला श्रेष्ठ*

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-WO-०६४३, उत्प्रेषणसमेत, *किसुनदेव यादव वि. राजाराम राउतसमेत*

आफ्नो हक अधिकारको खोजी गर्नु प्रत्येक व्यक्तिको कर्तव्य नै हो । तथापि यस्तो हक अधिकारको खोजी समयमै गर्नुपर्ने हुन्छ । आफ्नो हक अधिकारको खोजी गर्ने क्रममा अनुचित विलम्ब गरिएको छैन भने मात्र उपचार प्राप्त गर्न सकिने हुन्छ । अन्यथा विलम्बको सिद्धान्तको आधारमा त्यस्तो हकाधिकारको उपभोगबाट वञ्चित हुनुपर्ने हुन्छ । प्रस्तुत विवादमा यी रिट निवेदक आफूले अवकाश पाएको ११ वर्षपछि अदालत प्रवेश गरेको अवस्था छ । के कति कारण परी समयमै अदालत प्रवेश गर्न नसकेको भन्ने सम्बन्धमा रिट निवेदनमा केही उल्लेख गरेको पाइएन । यसरी समयमै हकाधिकारको खोज गर्न नसक्नुको कारण निवेदकले खुलाउन सकेकोसमेत नदेखिएको र रिट निवेदकले अवकाश पाएको धेरै लामो समयपश्चात् निवेदन दर्ता गराएको देखिएबाट प्रस्तुत विवादमा विलम्बको सिद्धान्त आकर्षित हुने ।

रिट निवेदकले गा.वि.स. को प्राविधिक सहायक पदबाट अवकाश पाएको धेरै लामो समय अर्थात् करिब ११ वर्षपछि प्रस्तुत रिट निवेदन दायर गरेको, त्यसरी विलम्ब गरी रिट निवेदन दायर गर्नुपर्ने मनासिब कारणसमेत निवेदनमा खुलाएको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः फणिन्द्रराज पराजुली
इति संवत् २०७० साल असार १८ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६७-WO-०१४४, उत्प्रेषणसमेत, *किसुनदेव यादव वि. जिल्ला विकास समितिको कार्यालय, जलेश्वर महोत्तरीसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६५-WO-०३६०, उत्प्रेषणयुक्त परमादेश, *जानकीदेवी ढकालसमेत वि. जयादेवी ढकाल*

यी रिट निवेदकहरू वादी भै महोत्तरी जिल्ला अदालतमा दायर गरेको २०६२ सालको दे.नं. १५२९ को अंश मुद्दामा सो अदालतले विपक्षी प्रतिवादीहरूबाट तायदाती फाँटवारी माग नगर्ने गरी मिति २०६४।१०।२२ मा आदेश गरेउपर पुनरावेदन अदालत, जनकपुरमा अ.बं. १७ नं. बमोजिम निवेदन परेकोमा पुनरावेदन अदालत, जनकपुरले समेत शुरू जिल्ला अदालतकै आदेश सदर गर्ने गरी मिति २०६५।६।३० मा बेरीतपूर्वक आदेश गरेको हुँदा उक्त आदेशहरू उत्प्रेषणको आदेशले बदर गरी विपक्षी प्रतिवादीहरूबाट समेत तायदाती फाँटवारी लिई अंश मुद्दाको न्याय निरूपण गर्नु भनी परमादेशको आदेश जारी गरिपाऊँ भन्ने निवेदकहरूको मुख्य निवेदन दावी रहेको पाइन्छ । उल्लिखित दे.नं. १५२९ को अंश मुद्दा महोत्तरी जिल्ला अदालतबाट मिति २०६५।९।७ मा फैसला हुँदा तायदाती फाँटवारीबमोजिम पेश भएको सबै सम्पत्तिको हकवाला वादीहरू मात्र भएकोले वादी दावीबमोजिम अंशबण्डा गरिरहनु परेन भनी फैसला गरेको देखिन्छ । सो फैसलाउपर यिनै रिट निवेदकहरूको पुनरावेदन अदालत, जनकपुरमा २०६५ सालको दे.पु.नं. ०६-०६५-०३३३२ को पुनरावेदन परेकोमा सो अदालतबाट प्रतिवादीहरू जयादेवी ढकाल, अच्युत ढकाल, दामोदर ढकाल र माधव ढकालबाट समेत तायदाती फाँटवारी माग गरी प्रतिवादीहरू रमा अधिकारी ढकाल, सीतादेवी ढकाल, माधव ढकाल र शीला शर्माका केही घरजग्गाहरू निजहरूको निजी आर्जनको ठहऱ्याई प्रतिवादीहरूको दर्ता स्रेस्ता भिडेको अन्य सम्पत्तिबाट ७ भागको ३ भाग अंश वादीहरूले छुट्याई लिन पाउने ठहऱ्याई मिति २०६८।१२।२९ मा फैसलासमेत भएको देखियो । पुनरावेदन अदालतको उक्त फैसलाउपर यिनै निवेदक हरिकुमार ढकालसमेतको यसै अदालतमा २०६९-CI-१००७ को पुनरावेदन परी विचाराधीन रहेकोसमेत देखिन आएको छ । यसरी रिट निवेदकहरूले प्रस्तुत रिट निवेदनमा अंश मुद्दामा प्रतिवादीहरूबाट तायदाती फाँटवारी माग गरी पाउन दावी लिएको देखिएकोमा पुनरावेदन अदालत, जनकपुरले प्रतिवादीहरूबाट समेत तायदाती फाँटवारी माग गरी फैसला गरेको देखिएको र पुनरावेदन अदालतको सो फैसलाउपर पुनरावेदन परी यसै अदालतसमक्ष विचाराधीन रहेको देखिनाले नियमित कानूनी प्रक्रियाअन्तर्गत परेको सो पुनरावेदनबाटै निवेदकहरूले प्राप्त गर्न खोजेको कानूनी उपचार प्राप्त गर्नसक्ने नै देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नु नपर्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली
कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल असार १८ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WO-०१४५, उत्प्रेषण, *विदुरप्रसाद आचार्य वि. शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरसमेत*

निवेदकले मिति २०४७।१०।१ देखि निम्न माध्यमिक शिक्षकको रूपमा कार्यरत् रहेको, निज मिति २०५७।१२।२७ देखि माध्यमिक विद्यालयमा माध्यमिक शिक्षकको रूपमा कार्यरत् रहेको र सो पदमा कार्यरत् रहँदारहँदै मिति २०६०।७।२७ मा श्री कृष्णरत्न गंगा उच्च माध्यमिक विद्यालय चौतारामा निम्न माध्यमिक तृतीय श्रेणीको शिक्षक पदमा स्थायी नियुक्ति भई कार्यरत् रहेको कुरामा समेत विवाद छैन । शिक्षा सेवा आयोग नियमावली, २०५७ को नियम २९(१) को उक्त व्यवस्था शिक्षक पेशाको अनुभवसँग सम्बन्धित रहेको र निवेदकले महेन्द्र माध्यमिक विद्यालय भोर्लेमा नै निम्न माध्यमिक शिक्षकको कार्य गरिरहेकोमा दरबन्दी मिलानको प्रयोजनसमेतलाई ध्यानमा राखी निजलाई माध्यमिक शिक्षकको जिम्मेवारी दिइएको र निजले सो जिम्मेवारी पूरा गरेको देखिने ।

निवेदक विदुरप्रसाद आचार्यले मिति २०४७।१०।१ देखि मिति २०६०।७।२६ सम्म निरन्तर शिक्षा सेवामा रही सम्बन्धित शिक्षा कार्यालयको पत्रले नै अस्थायीरूपमा माध्यमिक शिक्षक पदमा बढुवा भै आफ्नो शिक्षण पेशालाई निरन्तरता दिने काम गरेको अवस्थामा अङ्क गणना गर्न मिल्दैन भन्न न्यायसङ्गत् देखिएन । यसरी निवेदकले अनवरत रूपमा गरेको सेवाबापत शिक्षा सेवा नियमावली, २०५७ को नियम २९ को उपनियम (१) बमोजिमको अङ्क पाउने नै हुँदा उक्त अवधिको अङ्क नपाउने गरी विपक्षी शिक्षक सेवा आयोगले मिति २०६९।४।२ गते निवेदक विदुरप्रसाद आचार्यलाई अस्थायी सेवाबापत अङ्क दिन नमिल्ने भनी गरेको निर्णय र मिति २०६९।४।५ गतेको गोरखापत्रमा प्रकाशित सूचना नमिलेकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

निवेदक शिक्षा सेवामा नै रहेको समय २०५७।१२।२६ देखि २०६०।७।२४ सम्म माध्यमिक शिक्षक तृतीय श्रेणीमा काम गरेको अवधिको समेत अङ्क गणना गरी प्राप्त अङ्कको आधारमा पुनः मूल्याङ्कन गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : अम्बिका निरौला

कम्प्युटर: विश्वराज पोखरेल

इति संवत् २०७० साल असार ६ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०७० सालको साधक नं. ०६९-RC-००९५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चिजमाली वि.क.*

प्रतिवादीले आफ्नो ५ महिने छोरालाई राति सुतेको अवस्थामा धेरै रूने कराउने गरेको र दूध खुवाउँदा पनि खान नमानेपछि घाँटी निमोठी भूइँमा पछार्दा तत्काल मृत्यु भएको भनी अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा आई बयान गर्दासमेत आफूले आफ्नो बच्चालाई मारेको कुरामा सावित भएको अवस्था छ । मौकामा अनुसन्धानको क्रममा बुझिएका मानिसहरूले र साक्षीहरूले पनि यी प्रतिवादीले नै आफ्नो छोरालाई घाँटी निमोठी मारेको भनी यकीनसाथ लेखाई दिएका छन् । यी प्रतिवादीका ससुरा जाहेरवालाले पनि आफ्नी बुहारीले आफ्नो ५ महिने छोरालाई घाँटी निमोठी मारेको भन्ने किटानी जाहेरी छ । प्रतिवादीले अदालतसमक्ष बयान गर्दासमेत घाँटी निमोठी भूइँमा पछारेको कारण बच्चाको मृत्यु भएको हो भनी भनेको र सो भनाई अन्य प्रमाणहरूबाट समेत समर्थित भैरहेको छ । यसरी प्राप्त तथ्य र प्रमाणहरूको आधारबाट हेर्दा उक्त अपराध यी प्रतिवादीबाट नै भएको रहेछ भन्ने कुरा स्थापित हुन आएको अवस्थामा निजले गरेको उक्त कार्य ज्यानसम्बन्धी महलको १ नं. अनुसारको कसूर गरेको ठहर भै ऐ. १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहऱ्याएको शुरूको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, तुल्सीपुर दाङको मिति २०६८।११।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

अ.बं. १८८ नं. बमोजिमको रायतर्फ विचार गर्दा यी प्रतिवादीले मानसिक रोगीले प्रयोग गर्ने औषधिसमेत सेवन गरिरहेको जिल्ला स्वास्थ्य कार्यालय, सल्यान अस्पतालको रिपोर्टमा उल्लेख भएको र अनुसन्धानका क्रममा बुझिएका तिलकबहादुर थापा, प्रेमबहादुर डाँगीसमेतका मानिसहरूले समेत मानसिकसम्बन्धी औषधि

खाइरहेको भनी लेखाई दिएको, एउटी आमाले आफ्नै कोखबाट जन्मेको बच्चालाई त्यसरी घाँटी निमोठी पछारी मार्नु सद्दे राम्रो मानसिक अवस्था भएको मान्छेबाट हुन नसक्ने अवस्था देखिएको, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष र अदलतमा समेत बयान गर्दा भएको सत्य साँचो कुरा व्यक्त गरी अनुसन्धान प्रक्रियालाई सहज बनाई अदालतलाई समेत सहयोग गरेको तथा वारदात हुँदाको अवस्थासमेत लाई विचार गर्दा यी प्रतिवादीलाई सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखी ५ (पाँच) वर्ष मात्र कैदको सजाय हुने गरी शुरू र पुनरावेदन अदालतले अ.बं. १८८ नं. बमोजिम व्यक्त गरेको रायसमेत मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल असार १४ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०७० सालको साधक नं. ०६९-RC-००८९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मनोज राई*

घटनास्थल प्रकृति मुचुल्का, मौकामा कागज गर्ने व्यक्तिहरूको भनाई, साक्षीहरूको बकपत्र, शवपरीक्षण प्रतिवेदन, दशी आदिले पुष्टि गरेको अवस्था रहेको र निज प्रतिवादी मनोज राई स्ययम्ले अधिकारप्राप्त अधिकारी र अदालतसमक्षसमेत आफूले मृतक किसान राईलाई निज रक्सी खाई अचेत रहेको अवस्थामा ढुङ्गा टिपी टाउकोको पछाडि हानी सोही व्यहोरा अवस्थामा बोकेर माछा फाराममा लगेर सुताई निजको श्रीमतीलाई फोन गरेको भोलिपल्ट बिहान र २:३० बजेतिर उपचार गर्न धरान लगी त्यहाँबाट विराटनगर न्यूरो ल्याई त्यहाँ उपचार हुन नसकी सिलीगुढी लाँदा बाटैमा मृत्यु भएको भन्ने विवरण खुलाई बयान गरेको देखिन्छ । प्रतिवादीले मृतकको टाउकोमा हानेको ढुङ्गा प्रतिवादीले नै भनेको स्थानबाट बरामद भएको छ । शव परीक्षण प्रतिवेदनबाट पनि मृतकको टाउकोभित्र चोट लागी रगत जमेर मृत्यु भएको भन्ने देखिन्छ । निज मृतकको श्रीमती बबिता राईले वारदातको मितिको राति अं. १०/११ बजेतिर प्रतिवादीले किसान राई त मातेर सुतेको छ भनी मलाई फोन गरेका थिए । राति अं. २ बजेतिर पुनः निजले फोन गरी किसान त नाक मुखबाट फिँज सिँगान निकाली सुतिरहेको छ भनेपछि भोलिपल्ट बिहान सिरियस भएको खबर सुनी माइतीबाट आउँदा निजको मृत्यु भैसकेको रहेछ । निज मनोज राईले नै मेरो पति किसान राईलाई कर्तव्य गरी मारेको हुनुपर्दछ भन्नेसमेत व्यहोराको मृतकको श्रीमती बबिता राईको घटना विवरण कागज भएको र आफूले फोन गरेको कुरालाई प्रतिवादी आफैंले पनि स्वीकार गरेको अवस्थाले सो कुरालाई पुष्टि गरेको छ । वस्तुस्थिति मुचुल्काका व्यक्ति वीरबहादुर राई र जाहेरवाली रामकुमारी राईले अदालतसमक्ष आई बकपत्र गर्दा प्रतिवादी मनोज राईले पूर्व रिसइवीको कारण मृतक किसान राईलाई कर्तव्य गरी मारेको भनी बकपत्र गरेबाट पनि निज मनोज राई र मृतकबीचमा पूर्व रिसइवी रहेको भन्ने देखिन आएकोले यी प्रतिवादीकै कर्तव्यबाट मृतकको मृत्यु भएको कुरा पनि पुष्टि हुन आएको देखियो । यी प्रतिवादी मनोज राईले पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्दा पनि आफूले मृतक किसान राईलाई ढुङ्गाले हानेको कारण मृत्यु भएकोमा विवाद नगरी केवल सजाय घटी हुनुपर्ने भनी दावी लिएको देखिन आएको छ । यसबाट पनि निज प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको कुरामा स्वीकार गरेकै देखिने ।

तसर्थ उल्लिखित जाहेरी, घटनास्थल मुचुल्का, मौकामा कागज गर्ने मानिसहरूको भनाई, साक्षीहरूको बकपत्र, शवपरीक्षण प्रतिवेदन, दशी, प्रतिवादीको साविती आदि समेतका आधार र कारणबाट सर्वश्वसहित जन्मकैदको सजाय गर्ने गरेको शुरूको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेकै देखिँदा सदर हुने ।

पुनरावेदन अदालत, विराटनगरको फैसलाले अ.बं. १८८ नं. बमोजिम व्यक्त गरेको रायतर्फ विचार गर्दा मृतक र प्रतिवादी एक आपसमा मिल्ने हितैषी साथी भएको, प्रतिवादी मनोज राईले मादक पदार्थ सेवन गरेको अवस्थामा एकपटक मात्र ढुङ्गा प्रहार गरेको, मृतक अचेत रहेको अवस्थामा आफैंले बोकी माछा फाराममा लगी सुताएको र तत्कालै मृतकको पत्नीलाई खबर गरी उपचारको लागिसमेत सहयोग गरेको देखिएको, अदालतसमक्षसमेत वारदातको सम्बन्धमा सत्य साँचो कुरा व्यक्त गरी अनुसन्धान र न्यायिक प्रक्रियालाई सहयोग पुगेको र

वारदात हुँदाको अवस्थासमेतलाई विचार गर्दा पुनरावेदन अदालत, विराटनगरबाट कसूरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुनेदेखि १० वर्ष मात्र कैदको सजाय हुनुपर्ने गरी अ.बं. १८८ नं. बमोजिम व्यक्त गरिएको रायसमेत मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल असार १४ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. प्रा.डा श्री भरतबहादुर कार्की,** २०७० सालको साधक नं. ०६९-RC-००९९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. यदुलाल पौडेल*

प्रतिवादी यदुलाल पौडेलउपर जाहेरवाली विजयलक्ष्मी सुवेदीले किटानी जाहेरी दिएको र अदालतमा उपस्थित भै बकपत्र गर्दासमेत सो जाहेरीलाई समर्थन हुने गरी बकपत्र गरेको पाइन्छ । घटनास्थल मुचुल्काका मानिसहरू दुर्गाप्रसाद तिमिल्सिना र लेखनाथ घिमिरेले घटना घट्नुभन्दा अघिल्लो दिन पूर्णबहादुर पाठक मृतक पढाउने स्कूलमा गएको र निजसमेतले घटना घटाएको हो भनी अदालतमा उपस्थित भै बकपत्र गरेको पाइँदा यी प्रतिवादी यदुलाल पौडेलसमेतले वारदात हुनुभन्दा अगाडिदेखि नै मृतकलाई मार्नको लागि पूर्व योजना बनाएको कुरासमेत स्पष्ट हुन आउने ।

घटनास्थलमा फेला परेको चिटमा लेखिएका अक्षरहरू सहअभियुक्त पूर्णबहादुर पाठकले यी प्रतिवादी यदुलाल पौडेलको अटोमा आफ्नो फोटोसमेत टाँसी लेखेको हस्ताक्षर तुलना गर्दा अधिकांश अक्षरहरू मिलेको भनी विशेषज्ञबाट परीक्षण भै आएको र निजले यी प्रतिवादीलाई समेत किटानी पोल गरी बयान गरेको अवस्थाबाट पनि प्रस्तुत वारदातमा यी प्रतिवादी यदुलाल पौडेलको प्रत्यक्ष संलग्नता भै निर्मम र वीभत्स किसिमले कर्तव्य गरी मृतक चित्रलेखालाई मारेका रहेछन् भन्ने कुरा पुष्टि हुने ।

उल्लिखित विभिन्न आधार र कारणहरूबाट प्रतिवादी यदुलाल पौडेललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.को कसूरमा सोही महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।४।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल असार १४ गते रोज ६ शुभम् ।

**इजलास नं. ४**

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** पुनरावेदन नं. ०६७-CR-११३३, सरकारी छाप कीर्ते, *नेपाल सरकार वि. जीतेन्द्र सिंह राउत*

मुलुकी ऐन, कीर्ते कागजको १ नं. मा हस्ताक्षर वा औंलाको ल्याप्चे सही निशाना र छाप इत्यादि झूट्टा बनाई वा ऐनबमोजिम रीतपूर्वकको भैरहेको सहीछापलाई अर्कै विषयको सच्चा लिखतमा लेखिएको व्यहोरा कुनै तरीकासँग उडाई अर्कै मतलब निस्कने व्यहोरा पारी मिलाई लेख्ने र एउटा कामलाई भनी सहीछाप गरेको लिफा कागज वा छाप लिए दिएकोमा सो काममा नलगाई अर्कै व्यहोराको लिखतमा लगाई वा अर्कै व्यहोराको लिखत लेख्ने इत्यादि काम गरेकोबाट अर्काको जीउधन वा हक जाने नोक्सान हुने वा सो केही नभए पनि झूट्टा कागजबाट काम गरी भैसकेको होस् वा नहोस् कीर्ते गरेको ठहर्छ भन्ने कानूनी व्यवस्था भएको देखिन्छ । उपर्युक्त कानूनी व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दाको तथ्यलाई हेर्दा प्रतिवादीले रीतपूर्वकको सहीछाप भैरहेको अर्कै विषयको सच्चा लिखतमा लेखिएको व्यहोरालाई कम्प्युटर प्रविधिबाट स्क्यानिङ् गरी उडाई अर्कै व्यक्तिको नाम र व्यहोरा उल्लेख गरी तयार पारी प्रतिवादीले आफूलाई फाइदा हुने गरी विभिन्न व्यक्तिहरूलाई बिक्री गर्ने गरेको पुष्टि हुन आएको देखिँदा उक्त कार्य कीर्ते कागजको महलको १ नं. को परिभाषाभित्र पर्न गएको हुँदा प्रतिवादीले अभियोग दावीबमोजिमको कसूर गरेको पुष्टि भएकाले निजलाई कीर्ते कागजको ९ नं. बमोजिम रू. ५०।- जरीवाना हुनुका साथै प्रतिवादीले कीर्ते गरेको लिखत कीर्ते कागजको महलको १२ नं. बमोजिम सरकारी अड्डाको छाप र सरकारी कर्मचारीको दस्तखत भएको लिखत भएकाले सोही नं. बमोजिम १(एक) वर्ष कैदसमेत हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः भाष्कर पंगेनी

इति संवत् २०७० साल वैशाख १० गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८-WO-०४९२, उत्प्रेषण, परमादेश, *सौखीलाल पासवान वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

कम्पनी ऐनको प्रावधानअनुसार निवेदक सौखीलाल पासवानलाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६८।४।२७ को निर्णयानुसार प्रत्यर्थी उद्योग मन्त्रालयले मिति २०६२।५।६ को पत्रद्वारा नियुक्ति गरेको देखिन आएकोमा कम्पनी ऐन, २०६३ को दफा ९०(२) को प्रतिबन्धात्मक वाक्यांश (१) मा भएको व्यवस्थाबमोजिम नेपाल सरकार वा संगठित संस्थाद्वारा नियुक्त सञ्चालक नेपाल सरकार वा नियुक्त गर्ने संस्थाको ईच्छाअनुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछ भन्ने व्यवस्था रहेको देखिन्छ । सो अवधारणालाई जनकपुर चुरोट कारखानाको नियमावली, २०३४ को नियम ५२ मा समेत व्यवस्था गरेको देखिने ।

जनकपुर चुरोट कारखाना लि.को सञ्चालक समितिको अध्यक्ष पदमा नेपाल सरकारले नियुक्त गर्ने र नेपाल सरकारकै ईच्छाबमोजिम बहाल रहने वा अवकाश दिन सकिने व्यवस्था उल्लिखित कम्पनी ऐन, २०६३ को दफा ९०(२)(१) र जनकपुर चुरोट कारखाना लि.को नियमावली, २०३४ को उपनियम ५२ मा भएको हुँदा रिट निवेदक सौखीलाल पासवानलाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६८।६।३० को निर्णयबमोजिम जनकपुर चुरोट कारखाना लि.को सञ्चालक समितिको अध्यक्ष पदबाट अवकाश दिएको कुराले निवेदकको कुनै संवैधानिक वा कानूनी हक हनन् भएको भन्ने देखिन आएन । वृहत पूर्ण इजलासबाट यस विषयमा (सर्वोच्च अदालत बुलेटिन, २०६८ चैत, अङ्क २, पृष्ठ २९) "कम्पनी ऐन, २०६३ को दफा ९०(२)(१) अनुरूप नेपाल सरकारले आफ्नो प्रतिनिधिस्वरूप पठाउने सञ्चालकका हकमा पनि सो पदमा निजको हक सिर्जना भएको मान्न मिल्दैन । नेपाल सरकारको शेयर लगानी भएकोसमेत कारणबाट आफ्ना हितका लागि पठाइने सञ्चालकको कानूनी हैसियत केवल वारेससरह मात्र हुन्छ । पब्लिक कम्पनीमा नेपाल सरकारले नियुक्त गर्ने सञ्चालक नियुक्तिकर्ताको ईच्छाअनुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहने" भनी प्रतिपादन भएको सिद्धान्तबाट थप खम्बिर हुन गएको हुँदा निवेदकलाई जनकपुर चुरोट कारखानाबाट अवकाश दिएको कुरा कम्पनी ऐन, २०६३ को दफा ९०(२)(१) तथा जनकपुर चुरोट कारखाना लि.को नियमावलीको नियम ५२ समेतको आधारमा मिलेकै देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: भाष्कर पंगेनी

इति संवत् २०७० साल असार १६ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८-WO-०५५०, उत्प्रेषण, परमादेश, *नवीनकुमार महासेठ वि. मालपोत कार्यालय, धनुषासमेत*

यिनै पक्ष र विपक्षहरू बीच धनुषा जिल्ला अदालतमा चलिरहेको अंश दर्ता मुद्दा फैसला हुन बाँकी रहेको र फैसला हुँदा दावीको जग्गाबाट अंश पाउने नपाउने भन्ने कुराको निर्क्यौल सोही मुद्दाबाट हुनसक्ने भन्ने कुरा विपक्षी पुनरावेदन अदालत, जनकपुरको लिखित जवाफसमेतबाट देखिन्छ । यसै मुद्दाको तथ्य र प्रकृतिसँग मेल खाने गरी *नेकाप* २०६८ असोज, अङ्क ६, नि.नं. ८८५१, पृष्ठ ९९९ मा तत्काल गरिने अन्तर्कालीन प्रकृतिका आदेश फैसलासरहका नभई त्यसबेलाको औचित्यका आधारमा गरिने तत्कालका लागि दिइने आदेश हुन्, जसले सबूद प्रमाण सङ्कलन र परीक्षणपछि तिनको मूल्याङ्कनका आधारमा हुने फैसलालाई प्रभाव पार्न नसक्ने ।

रोक्का आदेश विवादमा आएको चल अचल सम्पत्ति आवश्यकताअनुसार प्रतिउत्तर नपरेसम्मका लागि वा मुद्दा किनारा नभएसम्मका लागि "यथास्थितिमा राख्ने कानूनी संयन्त्र हो । यस्तो प्रकारको आदेशले कसैको हक अधिकार र कसैको हकको समाप्तिकै आधार बन्न नसक्ने" भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको देखिँदा यिनै पक्ष र विपक्षीहरूबीच धनुषा जिल्ला अदालतमा दर्ता रहेको अंश मुद्दासमेतमा लिखतहरूको व्याख्या र विवेचना भई विवादित घरजग्गा बण्डा लाग्ने नलाग्ने सम्बन्धमा निरूपण हुन बाँकी नै रहेको अवस्था विद्यमान देखिन्छ । यसकारण विवादित जग्गा तत्काल फुकुवा हुँदैमा अंश हक लाग्ने वा नलाग्ने कुरामा तात्त्विक फरक पर्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शकुन्तला कार्की
कम्प्युटरः भाष्कर पंगेनी
इति संवत् २०७० साल असार १६ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८-WO-०८७९, उत्प्रेषण, परमादेश, *यूनियन फाइनान्स लिमिटेड, का.म.न.पा वडा नं. १ कमलादीका अख्तियारप्राप्त महाप्रबन्धक तथा कम्पनी सचिव अजय घिमिरे वि. राजु थापासमेत*

निवेदक वादी र प्रत्यर्थी ए.एम. इन्कका प्रोप्राइटर राजु थापा प्रतिवादी भएको करारबमोजिम रकम भराईपाऊँ मुद्दामा शुरू काठमाडौं जिल्ला अदालतबाट फैसला भएउपर पुनरावेदन गर्नलाई विपक्षी प्रतिवादीलाई पुनरावेदनको ३५ दिने म्याद जारी गर्दाका अवस्थामा म्याद बेपत्ते तामेली भई गुज्रन गएकाले पछि जिल्ला अदालतको फैसलाले कायम गरेको बिगो भरिभराउको सिलसिलामा म्याद तामेल भएपछि मिति २०६७।४।४ को पुनरावेदनका निमित्त प्रतिवादीका नाममा तामेल भएको बेपत्ते म्याद बेरीतको हुँदा बदर गरिपाऊँ भनी विपक्षी प्रत्यर्थीको निवेदन काठमाडौं जिल्ला अदालतसमक्ष परी उक्त मुद्दाका प्रतिवादी ए.एम.इन्कका प्रोप्राइटर राजु थापाको तर्फबाट पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परी मुद्दा विचाराधीन रहेको अवस्थामा यी निवेदकलाई अ.बं. २०२ नं. बमोजिम झिकाई निजको लिखित प्रतिवादसमेत परी उक्त दे.पु.नं. १९९५ को मुद्दामा मिति २०६९।१।१८ गते फैसला भई शुरू काठमाडौं जिल्ला अदालतको फैसलामा केही उल्टी हुने गरी फैसला भएको हो भन्ने कुरा प्रतिवादी ए.एम.इन्कका प्रोप्राइटर राजु थापाको मिसिल संलग्न लिखित जवाफमा खुलाएको र मिसिल संलग्न कागजातबाट समेत पुष्टि भएको देखिँदा मिति २०६७।४।४ को म्याद बेरीतको होइन कानूनबमोजिम नै तामेली भएको हुँदा सो म्याद बदर गर्ने कार्य गैरकानूनी हुँदा प्रतिवादीलाई दिएको पुनरावेदनको म्याद बदर गरिपाऊँ भनी निवेदकले जुन कुरामा जिकीर गरी रिट निवेदन दायर गरेका छन् सो बदर भएको म्याद पछि पुनः तामेली भई प्राप्त पुनरावेदनको म्यादद्वारा पुनरावेदन दायर भएको उक्त मुद्दा पुनरावेदन अदालत, पाटनमा कारवाही भई स्वयम् निवेदक प्रत्यर्थीको रूपमा उक्त दे.पु.नं. १९९५ को करारबमोजिम रकम फिर्ता पाउने मुद्दा मिति २०६९।१।१ गते नै फैसला भैसकेको र जिल्ला अदालत, काठमाडौंको फैसला केही उल्टी हुने गरी निर्णय भएको हुँदा अब प्रस्तुत मुद्दामा म्याद रीत बेरीतमा बोलिरहनु पर्ने कुनै औचित्य नभएकोले रिट खारेज हुने ।

इजलास अधिकृतः शकुन्तला कार्की
कम्प्युटरः भाष्कर पंगेनी
इति संवत् २०७० साल असार १६ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CI-१३७३, मोही नामसारी, *सोनमादेवी तेलिन वि. मकबुलरजा मंसुरी*

दावीको जिल्ला सर्लाही, मलङ्गवा न.पा. वडा नं. ३ को कि.नं. ५९१ को ज.बि. ०-२-० जग्गा साविक जग्गाधनी सोनफी साह तेलीको नाममा दर्ता रहेकोमा उक्त जग्गा वादीको काका ससुरा गोकुल साह हुँदै यी वादी सोनमादेवीको नामबाट र.नं. ९५६३ को मिति २०४७।३।१३ को लिखतबाट यी प्रतिवादीलाई राजीनामा पास गरी दिएको देखिन्छ । वादीले मोही नामसारी गरिपाऊँ भन्ने दावी लिएको कि.नं. ५९१ को जग्गाको मोही यी वादीका पति जयनारायण साह भएको र निजको म एक मात्र हकदार भएकाले सो जग्गाको मोही नामसारी गरिपाऊँ भन्ने पुनरावेदन जिकीर रहेको पाइन्छ । जयनारायण साहकी पत्नी यी वादी सोनमादेवी भएकोमा विवाद देखिँदैन । एकाघरका पतिपत्नी एउटै कि.नं. ५९१ जग्गाको जग्गाधनी र मोही हुनसक्ने नसक्नेसम्बन्धमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(ख) मा "मोही" भन्नाले अरू जग्गावालाको जग्गा कुनै शर्तमा कमाउन पाई सो जग्गामा आफ्नो परिवारको श्रमले खेती गर्ने किसान सम्झनु पर्छ" भन्ने उल्लेख भएको पाइन्छ । यहाँ प्रयुक्त "अरू जग्गावालाको जग्गा कुनै शर्तमा कमाउन पाई" भन्ने शब्द प्रयोग भएबाट एकासगोलका व्यक्तिहरू एउटै जग्गाको जग्गाधनी र मोही हुनसक्ने अवस्था नदेखिने ।

प्रस्तुत मुद्दामा कि.नं. ५९१ को जग्गाको जग्गाधनी यी वादी सोनमादेवी रहेकी र मोही जयनारायण उल्लेख भएको देखिन आयो । उल्लिखित कानूनी व्यवस्थाअनुसार एउटै कि.नं. ५९१ को जग्गाको एकासगोलकी पत्नी सोनमादेवी

जग्गाधनी र निजका पति जयनारायण मोही हुनसक्ने अवस्था नदेखिँदा एकासगोलका पतिका नामको मोही नामसारी गरिपाऊँ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकीर कानूनसङ्गत् नदेखिने ।
इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने
कम्प्युटरः भाष्कर पंगेनी
इति संवत् २०७० साल असार २८ गते रोज ६ शुभम् ।

- यसै लगाउको २०६७-CI-१३७४, एकासगोलको मोही लगत कट्टा, *सोनमादेवी तेलीन वि. मकबुलरजा मंसुरी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८-CI-०५९५, मोही निष्काशन, *जोखन राय यादव तेली वि. शेख अमरुल*

मोहीले जग्गा नजोतेको भन्ने आधारमा मात्र मोही लगत कट्टा हुनसक्ने अवस्था रहँदैन । "मोही लागेको जग्गामध्ये आधा जग्गामा विधिवत्रूपमा कायम भएको मोहीलाई निजले कमाई आएको जग्गामा रहेको मोहियानी हक समाप्त गरी निजलाई त्यस्तो जग्गाको मालिक बनाउने विधायिकी सारभूत उद्देश्यलाई नै परास्त गर्ने गरी भूमिसम्बन्धी (चौथो संशोधन) ऐन, २०५३ लागू भएपछिको अवस्थामा मोहीले बाली नबुझाएको भन्ने आधारमा ऐनको दफा २९ बमोजिम मोही निष्काशन हुन्छ भन्नु मनासिब नहुने (*नेकाप* २०६२, अङ्क ६, नि.नं. ७५४९, पृष्ठ ६७०) भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ । प्रस्तुत मुद्दामा विवादित जग्गामा आधा हक स्वामित्व स्थापित भएको मोहीलाई जग्गा नजोतेको भन्ने मात्र आधारमा मोही लगत कट्टा हुनसक्ने अवस्था नदेखिने ।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) (ग) मा "कुनै मोहीले जग्गा छाडी भागेमा वा बेपत्ता भएमा वा तोकिएबमोजिम कुत नबुझाई मोहियानी हक समाप्त भएमा सो कुराको जग्गावालाले लिखित सूचना तोकिएको अधिकारीछेउ २५ दिनभित्र दिनुपर्दछ र तोकिएको अधिकारीले सो कुराको जाँचबुझ गरी दफा २५ को उपदफा (५) को खण्ड (ख) बमोजिम दर्ता किताबमा सच्याउनु पर्दछ" भन्ने कानूनी व्यवस्था भएको देखिन्छ । यी जग्गाधनी वादीले उक्त कानूनी व्यवस्थाअनुसार तोकिएको अधिकारीलाई लिखितरूपमा सूचना दिएको देखिँदैन । उपरोक्त कानूनी व्यवस्था तथा स्थापित नजीर सिद्धान्तसमेतबाट मोहीको आधा जग्गामा हक स्थापित हुने हुँदा मोही लगत कट्टा हुने ठहऱ्याएको शुरू भूमिसुधार कार्यालयको फैसला उल्टी गरी वादी दावी नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालतको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने ।
इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने
कम्प्युटरः भाष्कर पंगेनी
इति संवत् २०७० साल असार २८ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८-CI-१४१०, कुतमोही, *अजयकुमार साह तेली वि. चक्रवर्ती थरुनी*

वादीले कि.नं. १७५ को जग्गाको मोही माधवप्रसाद चौधरीलाई स्वीकार गरेको भए पनि अजयकुमार साह तेलीका नामको मिसिल संलग्न जग्गाधनी प्रमाणपुर्जा हेर्दा जिल्ला बारा, गा.वि.स. छातापिप्रा वडा नं. २ साविक कि.नं. ५२ कित्ताकाट गरी कायम भएको कि.नं. १७५ को जग्गाको मोहीको नाम, थर वतन महलमा केशवप्रसाद चौधरीको नाम उल्लेख भएको देखिन्छ । एउटै कि.नं. १७५ को जग्गाको वादी जग्गाधनीले स्वीकार गरेको मोही माधवप्रसाद चौधरी र जग्गाधनी प्रमाण पुर्जाको महलमा उल्लेख भएका केशवप्रसाद चौधरी एउटै व्यक्ति वा पृथक व्यक्ति हुन् सो विषयमा प्रमाण बुझी निर्णयमा पुग्नु उपयुक्त देखिँदा पुनरावेदन अदालतले शुरूको फैसला बदर गरी मोही यकीन गर्न प्रमाण बुझी निर्णय गर्न शुरू भूमिसुधार कार्यालय, बारामा पठाएको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने ।

प्रतिवादी चक्रवर्ती थरुनीबाट कुत दिलाई मोही निष्काशन गरिपाऊँ भन्ने पुनरावेदन जिकीरका सम्बन्धमा विचार गर्दा दावीको कि.नं. १७५ को जग्गाको मोही नै यकीन भएको अवस्था नदेखिँदा दावीको जग्गामा मोही यकीन भएपछि कुतबालीका सम्बन्धमा कानूनबमोजिम हुने नै हुँदा सो सम्बन्धमा थप विवेचना गरिरहन नपर्ने ।
इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने
कम्प्युटरः भाष्कर पंगेनी
इति संवत् २०७० साल असार २८ गते रोज ६ शुभम् ।

- यसै प्रकृतिको २०६८-CI-१४०९, कुतमोही, *विजयकुमार साह तेली वि. चक्रवर्ती थरुनी*

भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५-CR-०४०३, भ्रष्टाचार, *गिरीराज ओभा वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले बढुवा फाराम भर्दा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरेको भन्ने कुरामा विवाद छैन । यसरी आफू कार्यरत् रहेको राष्ट्रिय वाणिज्य बैंकमा बढुवाको लाभ लिने मनसायले नै प्रतिवादीले उक्त शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरेको देखिँदा सो नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गर्ने कार्यको पछाडि बढुवाको सम्भावित लाभ भएको प्रष्ट हुन आयो । यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा प्रतिवादीले गरेको कार्य तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिमको कसूर गरेको ठहऱ्याई सोही ऐनको दफा १२ र २९(२) बमोजिम रू. १५००।- (एक हजार पाँचसय) जरीवाना हुने ठहऱ्याएको विशेष अदालत, काठमाडौंको २०६८।८।६ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः भाष्कर पंगेनी

इति संवत् २०७० साल वैशाख ९ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट नं. ०६७-WO-००१६, उत्प्रेषण, परमादेश, *टीकाराम डाँगी वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत*

२०५२।१२।८ मा जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण भएपछि ९ नं. नापी गोश्वारामा २०५३।१०।६ मा मात्र रिट निवेदकले छूट जग्गा दर्ता गरीपाऊँ भनी निवेदन दिएको देखियो । रिट निवेदकले नै निवेदन पत्रमा निजले २०५३।१०।६ मा दिएको निवेदन तामेलीमा रहेको भन्ने उल्लेख गरेकोमा सो निवेदन दिएको करीब १४ वर्षपछि मात्र तामेलीबाट जगाई छूट जग्गा दर्ता गरिपाऊँ भनी २०६७।३।६ मा मालपोत कार्यालय, रोल्पामा निवेदन दिएको देखिन्छ । रिट निवेदकले २०५३।१०।६ मा दिएको निवेदन तामेलीमा रहेको भए सोउपर कानूनी उपचारको बाटो अवलम्बन गर्नुपर्नेमा सो गरेको पाइएन । यसप्रकार कि.नं. १५४ र १७९ को जग्गा निवेदकका नाममा नापी दर्ता हुन नसकेको भए १४ वर्षसम्म चुप लागी बस्नुपर्ने अवस्था हुँदैन । त्यसरी १४ वर्षसम्म आफूले कारवाही किन नचलाइएको भनी रिट निवेदकले तर्कसङ्गत् कारण र आधार रिट निवेदनमा उल्लेख गर्न सकेको नदेखिनुका साथै रिट निवेदकले पेश गरेको आफ्नो जग्गाको स्रोतको रूपमा रहेको भनेको २०१० सालको घरसारको राजीनामा, २०२३ सालको भूमिसुधार कार्यालयमा पेश गरेको भनेको ७ नं. फाँटवारीबमोजिमको जग्गाहरू नै हाल नेपाल सरकारको नाममा नापी भै कायम भएका कि.नं. १५४ र १७९ का जग्गा नै हुन् भन्ने यकीन प्रमाणहरू देखाउन सकेको छैन । यसरी रिट निवेदकले आफ्नो हक अधिकार नै नभएको तत्कालीन श्री ५ को सरकारको नाउँमा दर्ता भएको जग्गालाई आफ्नो नाउँमा छूट दर्ता गरिपाऊँ भनी मालपोत कार्यालयमा निवेदन दिएको देखिएको र सो निवेदनको सम्बन्धमा उक्त कार्यालयले कि.नं. १५४ र १७९ का जग्गा तत्कालीन श्री ५ को सरकारको नाममा नापी भई स्रेस्ता कायमसमेत भएकोले छूट दर्ताको कारवाही अगाडि नबढाउने भनी २०६७।३।८ मा गरेको निर्णयबाट रिट निवेदकको संविधानप्रदत्त कुनै हकाधिकारमा हनन् पुगेको भन्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः भाष्कर पंगेनी

इति संवत् २०७० साल वैशाख १२ गते रोज ५ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०२१७, अंश दपोट, *महेश्वरी यादवनी वि. महेन्द्र यादवसमेत*

पुनरावेदक वादीले प्रतिवादी प्रमिलाकुमारी यादवको नाममा दर्ता रहेको जग्गा हाम्रो पनि अंशहक लाग्नेमा अंश मुद्दामा तायदाती फाँटवारी पेश गर्दा लुकाई छिपाई राखेको हुँदा दपोट ठहर हुनुपर्ने भनी जिकीर लिएको सन्दर्भमा हेर्दा यिनै वादीले २०६१ सालमा सा.दे.नं. ७६१ को अंश मुद्दा दायर गर्दा प्रमिलाकुमारी यादवलाई प्रतिवादी बनाएको देखिँदैन । निजको नाममा दर्ता कायम रहेको जग्गाको स्रोत हेर्दा अंश दपोट हुनुपर्ने भनी दावी लिएको जग्गा प्रमिलाकुमारीले मिति २०५८।१०।१५ मा हालैको बकसपत्र पारित गरी

लिएको देखिन्छ । अंशबण्डा लाग्ने सम्पत्ति हालैको बकसपत्र गरी हक हस्तान्तरण गरी दिएको सम्बन्धमा वादीको कुनै नालिस नपरी सो व्यवहार कायमै रहेको देखिएको र कसैबाट दान बकस पाएको सम्पत्ति दानबकस पाउनेको निजी ठहर्छ भन्ने मुलुकी ऐन, अंशबण्डाको १८ नं. मा व्यवस्था भएको देखिँदा अंशबण्डा नै नलाग्ने सम्पत्तिमा दपोट ठहर गर्न मिल्ने देखिँदैन । अंश मुद्दामा प्रतिवादीले तायदाती फाँटवारी पेश गर्दा सो जग्गा नदेखाएको भन्ने जिकीरको सम्बन्धमा सो जग्गा प्रतिवादी प्रमिलाकुमारी यादवले मिति २०५८।१०।१५ मा बकसपत्र पाएको देखिँदा सोपछि २०६१ सालमा दायर भएको अंश मुद्दामा सो जग्गा प्रमिलाकुमारीलाई बकसपत्र गरी दिने व्यक्तिले निजको नाममा जग्गा दर्ता नै नभएबाट तायदाती फाँटवारी पेश गर्ने अवस्था नदेखिँदा प्रमिलाकुमारी यादवको नाममा दर्ता रहेको जग्गा दपोट ठहर गर्नुपर्ने भन्ने जिकीर कानूनसम्मत नदेखिने ।

अन्य प्रतिवादीहरूको नाममा दर्ता भएको जग्गा दपोट ठहर हुनुपर्ने भन्ने पुनरावेदन जिकीर तर्फ हेर्दा बिहारीदेवी नाम दर्ताको कि.नं. १४५, ५५, ३८६ को जग्गाहरू मध्ये कि.नं. १४५ र ५५ को जग्गा मिति २०४६।१।८ मा र कि.नं. ३८६ को जग्गा मिति २०५१।११।८ मा हालैदेखिको बकसपत्र पारित गरी लिएको देखिन्छ । त्यस्तै, प्रतिवादी महेन्द्र यादवको नाममा दर्ता रहेको कि.नं. २९१ को जग्गा निजले मिति २०४६।१।८ मा हालैदेखिको बकसपत्र पारित गरी लिएको देखिन्छ । प्रतिवादीहरूले हालैको बकसपत्र पारित गरी लिएको उल्लिखित लिखत कायमै रहेको अवस्थामा निज प्रतिवादीहरूले बकसपत्र गरी लिएको उल्लिखित जग्गासमेत मुलुकी ऐन, अंशबण्डाको १८ नं. बमोजिम वादीको बण्डा लाग्ने नदेखिँदा सो जग्गाहरू समेत दपोट ठहर हुनुपर्ने भन्ने वादीको पुनरावेदन जिकीरसँग सहमत हुन नसकिने ।

प्रतिवादी महेन्द्र यादवको नाममा दर्ता रहेको कि.नं. १३३ को जग्गा र प्रतिउत्तर नफिराउने प्रतिवादी अरहुलिया देवी यादवको नाममा दर्ता रहेको कि.नं. १४२ र १४३ को जग्गाका हकमा सम्म शुरू फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०६८।७।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद पौडेल
कम्प्युटर टाईप गर्ने : विदुषी रायमाझी
इति संवत् २०७० साल जेष्ठ २२ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-०७१६, चलन चलाईपाऊँ, *धनकुमारी शास्त्री वि. भरतराज शिवाकोटी*

पुनरावेदक प्रतिवादीले पुनरावेदन गर्दा वादी दावीबमोजिमको रकम ब्रह्म शम्शेरको निधनपछि निजको श्रीमती माधवी राणालाई मिति २०४४।१०।९ मा बुझाई सकेको भन्ने जिकीर लिएको सन्दर्भमा हेर्दा दावीको कि.नं. २०९ को जग्गा ब्रह्म शम्शेर ज.ब.रा.ले प्रतिवादी दुर्गाप्रसाद शास्त्रीसँग दृष्टिबन्धक गरी लिएको देखिन्छ । ब्रह्म शम्शेर ज.ब.रा.ले छोरी नाताकी लेखराज्य लक्ष्मीदेवी सिँहलाई मिति २०४०।४।१९ मा शेषपछिको बकसपत्र गरी दिएको देखिएको र सो शेषपछिको बकसपत्रको आधारमा लेखराज्य लक्ष्मीदेवी सिँहले उक्त जग्गा वादी भरतराज शिवाकोटीलाई मिति २०४६।६।२ मा लखबन्धक तमसुक पारित गरी दिएको देखिन्छ । उक्त लखबन्धकी लिखतको आधारमा वादीले बिगो रकम वा जग्गा दिलाई पाऊँ भनी दावी लिएको देखिने ।

मिति २०४६।६।२ को लखबन्धकी लिखतको आधारमा वादी दावीबमोजिम हुने नहुने भन्ने सन्दर्भमा हेर्दा सो लिखत लेखराज्य लक्ष्मीदेवी सिँहले वादी भरतराज शिवाकोटीबाट रू.१,००,००१।- लिई बुवा ब्रह्म शम्शेरबाट शेषपछिको बकसपत्र पाएको आधारमा कि.नं. २०९ को जग्गा लखबन्धकी पारित गरी दिएको देखिन्छ । सो लखबन्धकी लिखतमा जग्गा कच्चा ठहर भए वा भोग गर्न नपाए कानूनबमोजिम थैली रकमको साँवा ब्याज वादीले असूलउपर गरी लिन पाउने उल्लेख भएको देखिएको अवस्थामा सो जग्गा वादीले भोग गर्न नपाए लिखतबमोजिम साँवा ब्याज रकम वादीले भरी लिन पाउने नै देखिने ।

वादी दावीबमोजिम प्रतिवादी दुर्गाप्रसाद शास्त्रीले माधवी राणालाई मिति २०४४।१०।९ मा दृष्टिबन्धकको थैली रकम बुझाएको भनी पेश भएको भरपाईले मान्यता पाउने हो होइन भन्ने सन्दर्भमा हेर्दा प्रतिवादी दुर्गाप्रसादसँग दृष्टिबन्धक लिने ब्रह्म शम्शेर ज.ब.रा र माधवी राणा लोग्ने स्वास्नी

नाताको देखिए तापनि आफ्नो पति जीवितै रहेको अवस्थामा माधवी राणा र ब्रह्म शम्शेरबीच अंश मुद्दा चली निजहरू बीचमा सो अंश मुद्दामा मिति २०३५।३।२१ मा मिलापत्र भएको देखिन्छ । सो मिलापत्रअनुसार माधवी राणाले आफ्नो हकका सम्पूर्ण सम्पत्ति लिई पति ब्रह्म शम्शेरको बाँकी सम्पत्तिमा कुनै प्रकारको हक दावी नगर्ने गरी मिलापत्र भएको देखिन्छ । सो मिलापत्रअनुसार माधवी राणा ब्रह्म शम्शेरसँग छुट्टी भिन्न भई अलग व्यवहार गरी आएको देखिएकोमा पति ब्रम्ह शम्शेरसँग छुट्टी भिन्न भई अलग बसेकी श्रीमतीलाई अंश लिई भिन्न भई बसेको धेरै समयपछि मिति २०४४।१०।९ मा दृष्टिबन्धक गरी लिने ब्रम्हशम्शेरको श्रीमती माधवी राणालाई दृष्टिबन्धकको थैली रकम बुझाएको भन्ने प्रतिवादीको जिकीर कानूनसम्मत् नदेखिने ।

प्रतिवादी दुर्गाप्रसाद शास्त्रीले ब्रम्ह शम्शेर ज.ब.रा.लाई दृष्टिबन्धक गरी दिएकोमा ब्रह्म शम्शेरले आफ्नी छोरी लेखराज्य लक्ष्मीदेवी सिँहलाई शेषपछिको बकसपत्र गरी दिएकोमा विवाद छैन । ब्रह्म शम्शेरको देहान्तपछि निजको जेजस्तो हक सो सम्पत्तिमा रहेको हुन्छ सो बकसपत्र पाउने छोरीमा सरेको कुरामा पनि विवाद हुन सक्दैन । बकस पाउने छोरी लेखराज्य लक्ष्मीदेवीले वादीलाई मिति २०४६।६।२ मा सो जग्गा लखबन्धक पारित गरी दिएको पाइन्छ । कानूनबमोजिम पारित भएको सो लखबन्धकी लिखतअनुसारको जग्गा कच्चा ठहरिए वा भोग गर्न नपाएमा लिखतबमोजिमको थैली रकम वादीले जग्गाधनीबाट भरी लिन पाउने नै हुँदा फिराद खारेज गर्ने गरी काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी लिखतबमोजिमको साँवा ब्याज वादीले प्रतिवादीबाट भरी पाउने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।९।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल जेठ २२ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CR-०८७५, ०१२३६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामजी दाहाल, कृष्णबहादुर दाहालसमेत वि. नेपाल सरकार*

जाहेरवाली भूमिका गुरुङले अदालतमा बकपत्र गर्दा रामजी दाहालले मृतकलाई कुटपीट गरेको देखिनँ । केवल समातेको मात्र देखेँ, कृष्णबहादुरले मात्र कुटपीट गरेका हुन् भनी उल्लेख गरेकी छिन् । सहप्रतिवादी कृष्णबहादुरले अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गर्दा मृतकलाई आफूले मात्र कुटपीट गरेको भनी उल्लेख गरेको देखिन्छ । घटनाको प्रत्यक्षदर्शी जाहेरवालीले नै यी प्रतिवादीले मृतकलाई समातेको तर चोट भने नछाडेको भनी उल्लेख भएको अवस्थामा वादी नेपाल सरकारले जिकीर लिएबमोजिमको कसूरको मात्रा निजबाट भएको भनी अनुमान गर्न मिल्ने देखिएन । फौजदारी कसूर अनुमानका आधारमा होइन तथ्य र प्रमाणका आधारमा निर्धारण हुनुपर्दछ । पूर्व मार्ने मनसायका साथ यी प्रतिवादीले मृतकको जीउमा हात हाली पक्री समाती मार्नमा संयोग पारिदिएको अवस्था नभई यी प्रतिवादी र मृतकबीच जारीका विषयमा विवाद परी एकापसमा तानातान भइरहेको अवस्थाको मौका छोपी कसैले थाहा नपाउने गरी अचानक घटनास्थलमा कृष्णबहादुरको उपस्थिति भई निजले प्रहार गरेको र निज कृष्णबहादुरले मृतकलाई हानी मार्दछ भन्ने पूर्वअनुमानसम्म नभएको अवस्थामा घटना हुन पुगेको छ । तर, मृतकको ज्यान जानुमा मृतक र रामजी दाहालबीच एकापसमा तानातान भैरहेको स्थितिको कारणले कृष्णबहादुरले मौका पाई सोही मौकाको फाइदा लिई आक्रमण गरी ज्यान लिएको स्थितिमा रामजी दाहाल केवल वारदातस्थलमा उपस्थितसम्म रहेको भनी अर्थ गर्नसमेत मिलेन । त्यसकारण ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम सजाय हुनु नपर्ने भन्ने प्रतिवादी रामजी दाहालको र ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीर मनासिब नदेखिने ।

उल्लिखित विवेचित आधार र प्रमाणबाट सँखुवासभा जिल्ला अदालतको मिति २०६७।३।३० को फैसला केही उल्टी गरी प्रतिवादी रामजी दाहाललाई ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम पाँच वर्ष कैद सजाय र अर्का प्रतिवादी कृष्णबहादुर दाहालका हकमा अभियोग माग दावीबमोजिम मुलुकी

ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वश्वसहित जन्मकैद हुने ।

प्रतिवादीले भएको सत्य तथ्य व्यहोरा नलुकाईकन मौकामा तथा अदालतमा समेत स्पष्टरूपमा लेखाई न्यायिक कार्यमा सहयोग गरेको स्थिति तथा निजको पारिवारिक अवस्थालाई समेत विचार गर्दा निजलाई अभियोग माग दावीबमोजिम सजाय गर्दा चर्को पर्न जाने र १२ (बाह्र) वर्ष कैद गर्दा पनि न्यायको उद्देश्य पूर्ति हुन जाने हुँदा निज प्रतिवादी कृष्णबहादुर दाहाललाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १२ (बाह्र) वर्ष मात्र कैद सजाय हुने भनी व्यक्त गरेको पुनरावेदन अदालत, धनकुटाको राय मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल जेठ २९ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-१३३५, कर्तव्य ज्यान, *दुर्गाबहादुर चितौरे राना वि. नेपाल सरकार*

उमेर पुगेर पनि सोधिएको प्रश्न बुझ्दैन र जवाफ दिन सक्तैन भने त्यस्तो व्यक्तिको कथन प्रमाणका रूपमा मान्य हुन सक्तैन । कम उमेर भए पनि प्रश्नलाई सम्बोधन हुने युक्तियुक्त खालको जवाफ दिनसक्ने अवस्थाका छन् भने त्यस्ता व्यक्ति साक्षीका रूपमा मान्य हुन्छन् । युक्तियुक्त जवाफ भन्नाले प्रश्नले मागेको तथ्यलाई प्रकट गरिएको हुनु, प्रश्नले राखेको जिज्ञासालाई समाधानको दिशा देखाउनु हो । त्यस्तो जवाफ सकारात्मक वा नकारात्मक जस्तो पनि हुन सक्दछ । नाबालिग व्यक्तिको अभिव्यक्ति प्रमाण हुनका लागि निजलाई सोधिएको प्रश्न निजले बुझेको छ र प्रश्नले मागेको जानकारी निजले दिएको छ भन्ने कुरा सम्बन्धित कागजबाट देखिनु पर्याप्त हुने ।

मृतक गोल्की भन्ने रसमा राना तथा प्रतिवादीका छोरीहरूको कथनलाई तिनीहरूको वारदातको यथार्थ चित्र चित्रित हुने गरी व्यक्त गरेका छन् भन्ने मान्नुपर्ने हुन्छ । कारण यी नाबालिगहरूका लागि मृतक आमा र पीडक बाबु हुन् । यिनीहरूले न आमाका पक्षमा लागेर अतिरञ्जित कुरा बोलेका छन् न बाबुको हिमायती भएर निजको बचावटमा कुनै अभिव्यक्ति दिएका छन् । यिनीहरूले झूठो बोल्नुपर्ने कुनै आधार नहुने ।

एउटी गर्भवती आफ्नै श्रीमती नाताकी महिलालाई सुरक्षा गर्नुको बदला कुटपीटसम्मका कार्य गरी ज्यान लिनु भनेको भविष्यमा हुन सक्ने परिणामप्रति असम्वेदनशील हुनु हो । सामान्य समझ वा चेतना भएको व्यक्तिमा परिणामको पूर्व ज्ञान पहिले नै हुनसक्ने कुरामा विवाद हुन सक्तैन । गर्भवती रहेको अवस्थामा सानोभन्दा सानो चोटले पनि जोखिम स्थिति ल्याउन सक्ने पूर्वज्ञान हुँदाहुँदै पनि मृतकको हात बटारी, हानी, धकेली अग्लो स्थानबाट होचो ढुङ्गा भएको स्थानमा खसाली दिनु मानिस मर्ला जस्तो नदेखिने सहज कार्य होइन । निज प्रतिवादीमा आफ्नी श्रीमतीको ज्यान लिने पहिलेदेखिकै पूर्वयोजना वा मनसाय रहेको नदेखिए पनि वारदातको दिन श्रीमतीले आफूलाई अपशब्द बोलेको कारणबाट परिवर्तित रूपमा तत्काल निजमा मनसाय सिर्जित भएको देखिन आउँछ । आफ्नी श्रीमतीलाई आत्मीय भावनाले सम्झाई बुझाई सामान्य अवस्थामा ल्याउन सक्ने परिस्थिति विद्यमान रहँदारहँदै पनि त्यस अवस्थाको सही प्रयोग नगरिएबाट प्रस्तुत वारदात हुन पुगेको छ । आफूले गरेको कार्यले निस्कन सक्ने परिणामका बारेमा पूर्वज्ञान हुँदाहुँदै उक्त कार्य गरेबाट हाम्रो कानूनी संरचनाले व्यवस्था गरे झैं मानिस मर्ला जस्तो नदेखिने समेतका भवितव्यका तत्त्वहरू प्रस्तुत वारदातमा विद्यमान रहेको पाइएन । त्यसकारण प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. ले व्यवस्था गरेको कसूरभित्रको अपराध देखिएबाट ज्यान सम्बन्धीको ५ नं.को कसूरमा सोही महलको ६(२) नं. बमोजिम सजाय हुनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्ने नदेखिँदा निजलाई सोही नं. बमोजिम जन्मकैदको सजाय हुने ।

पुनरावेदन अदालतले विशुद्धरूपमा न्यायकर्तामा अन्तर्निहीत अ.बं.१८८ नं. ले दिएको तजवीजी अधिकार प्रयोग गरी १५ वर्ष कैद घटाउने राय व्यक्त गरेको देखियो । अ.बं. १८८ नं.को प्रयोगका लागि पक्षले याचना गर्न सक्दछन्, तर, यो पक्षको अधिकारको कुरा होइन । पक्षले

याचना नै नगरे पनि वारदातको प्रकृतिसमेतका तथ्यगत परिस्थितिको आधारमा सजाय चर्को पर्ने न्यायकर्तालाई लागेमा सजाय घटाउने राय व्यक्त गर्न सक्दछ । अ.बं. १८८ नं.ले प्रदान गरेको अधिकार प्रयोग गरी दण्ड निर्धारण गर्ने न्यायिक परिपाटीमा न्यायाधीशलाई प्राप्त तजवीजी अधिकार प्रयोग अति सतर्कताका साथ गरिनु पर्दछ । उचित र मनासिब न्याय प्रदान गर्ने माध्यमका रूपमा मात्र यस कानूनको प्रयोग हुनु पर्दछ । कति सजाय निर्धारण गर्ने भन्ने कुनै ठोस मापदण्ड नभएको स्थितिमा सजाय निर्धारण गर्न अपराधको परिस्थिति र त्यस्तो परिस्थिति सिर्जना हुनमा सहायकको भूमिका खेल्ने तत्त्वहरूको समेत पहिचान हुनु आवश्यक हुने ।

कुनै अपराधका लागि स्वविवेक प्रयोग गरी कैद सजाय निर्धारण गर्दा निर्दोष भावनाले गरेको अपराधभन्दा पनि न्यून सजाय तोकिनुका कारण पर्याप्त र उचित नहुँदा अ.बं. १८८ नं. का माध्यमले विधिकर्ताले राखेको अपेक्षा पूरा हुँदैन । यसै सन्दर्भमा, "आपराधिक मनोभावना" (Guilty mind) ले गर्ने ज्यानसम्बन्धी महलको १३ नं. को अपराध ठहर गरी "अनजान मनोभावना" (Innocent mind ) ले गरेको अपराधमा १४ नं. ले हुने कैद सजायभन्दा पनि कम कैद सजाय तोक्ने अ.बं. १८८ नं. को मनसाय र उद्देश्य होइन । मृतक तथा प्रतिवादी दुबै जनाले रक्सी सेवन गरेको सुरमा श्रीमतीले अपाच्य शब्द बोलेको कारण सोही कुरालाई जरिया बनाई आपसमा विवाद भई कुटपीट हुँदा सोही क्रममा प्रतिवादीले धकेलेको कारणबाट मृतक आफ्नो घरको आँगनको डीलबाट तल खस्न पुगी मृत्यु हुन पुगेको पाइन्छ । कर्तव्य गरेमा इन्कार रहे पनि आफ्नै कारणबाट श्रीमतीको मृत्यु हुन पुगेको तथ्यलाई इन्कार नगरी प्रतिवादीले न्यायिक कार्यमा सहजता प्रदान गरेको स्थिति, प्रतिवादी आफैंले पालनपोषण गर्नुपर्ने अवस्थाका बालबच्चाको अवस्थालगायतका समग्र परिस्थिति र वारदातको प्रकृतिसमेतको पृष्ठभूमि समेतलाई विचार गर्दा प्रतिवादी दुर्गाबहादुर चितौरे रानालाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष मात्र कैद सजाय हुने ठहर्छ । मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम (पाँच) वर्ष मात्र कैद सजाय हुने भनी व्यक्त गरेको पुनरावेदन अदालत, बुटवलको राय मनासिव मान्न नसकिने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटर गर्नेः विदुषी रायमाझी

इति संवत् २०७० साल जेठ २९ गते रोज ४ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-WO-१२१७, उत्प्रेषणयुक्त परमादेश, *ठगनी थरूनी वि. रामचन्द्र पोखरेलसमेत*

निवेदिकाले आफ्नो लोग्ने भगना थारूको नाममा भूमिसुधार कार्यालय, बर्दियाबाट जारी म्याद बेरीतको छ भनी उल्लेख गरेको पाइन्छ । तर, उक्त म्याद बदरतर्फ निवेदिकाले कुनै दावी लिएको पाइँदैन । यसप्रकार मिसिल संलग्न प्रमाणको रूपमा रहेको तामेली म्याद विषयमा कुनै दावी जिकीर नै नलिएको अवस्थामा त्यसलाई रीत वा बेरीतको छ छैन भनी निर्णय हुनसक्ने अवस्था रहँदैन । त्यस्तो निर्णय गराउन चाहने पक्षले त्यसलाई बेरीतको घोषित गरिपाउन वा बदर गरिपाउन स्पष्टरूपमा दावी लिई निवेदन गर्नुपर्ने हुन्छ । बेइलाकामा तामेल भयो भनेकै भरमा उजूरी नपरेको प्रमाणमा आएको म्यादलाई प्रमाणमा लिने वा नलिनेसम्म भन्न सकिने हुन्छ, सदर वा बदर गर्न मिल्दैन । मिसिल संलग्न प्रमाणलाई अन्यथा नालिस नपरेको अवस्थामा बाहेक त्यसलाई कानूनबमोजिम नै रहेको मानी प्रमाणमा लिनुपर्ने नै हुन्छ । तथापि सो म्यादतर्फ हेर्दा पनि भूमिसुधार कार्यालय, बर्दियाबाट मोहीका नामको सूचना म्याद जग्गा रहेको स्थान भिम्मापुर गा.वि.स., वडा नं. ८ मा नै तामेल भएको देखिँदा मोही भगना थारूलाई प्रतिवाद गर्न मौकासमेत नदिएको मान्न मिल्ने अवस्था रहेन । जग्गाको जोतभोगको सम्बन्धमा स्थलगत सर्जमीनसमेत बुझी निर्णय गरेकोबाट कानूनबमोजिम अपनाउनुपर्ने प्रक्रियाहरू अपनाएको पनि देखिन आयो । यस अवस्थामा सुनुवाईको मौका नदिएको भन्ने निवेदन व्यहोरा मनासिब नदेखिने ।

निवेदिकाको पति भगना थारूको २०५१।२।७ मा मृत्यु भएको भन्ने निवेदिकाको निवेदनसाथ पेश भएको मिसिल संलग्न मृत्यु दर्ताको प्रमाणपत्रको छायाँप्रतिबाट देखिन्छ । भूमिसुधार कार्यालय, बर्दियाबाट भगना थारूको नाम मोही लगतबाट कट्टा

गर्न भनी गरेको मिति २०५३।१२।२० को निर्णयउपर तत्काल कुनै उजूर बाजूर नगरी बसेकी यी निवेदिका मोहीकी पत्नीले २०६९ सालमा अर्थात् निर्णय भएको १५ वर्षपछि मात्र रिट निवेदनमार्फत् उपचार प्राप्त गर्न अदालतमा प्रवेश गरेको देखिन्छ । २०५३ सालमा मोही लगत कट्टा हुने निर्णय भएको र २०५१ सालमा मोही भगनाको मृत्यु भैसकेको अवस्थामा तत्काल मोही नामसारी गराउनसमेत नगई बसेकी यी निवेदिका न्यायिक उपचारको निम्ति १५ वर्षपछि मात्र अदालत प्रवेश गरेको देखिएकोमा यति लामो विलम्ब हुनुको मनासिब र वस्तुनिष्ठ आधार कारण पनि निवेदिकाले आफ्नो निवेदन पत्रमा खुलाउन सकेको देखिँदैन । यसरी निवेदिकाले १५ वर्षपछि रिट लिई आउँदा अत्यधिक विलम्ब हुनुको कारण देखाउन नसकेको यस अवस्थामा ढीलो गरी अदालत प्रवेश गर्ने निवेदिकालाई विलम्बको सिद्धान्तबाट पनि मद्दत गर्न नसकिने ।

यसप्रकार तत्काल कायम रहेको मोहीको नाममा म्याद तामेल भएको र उक्त तामेली म्याद विषयमा कतै उजूर बाजूर परेको पनि नदेखिएको, रिट निवेदनमा समेत म्यादतर्फ कुनै कानूनी चुनौती वा निवेदन दावी नरहेको र म्याद जग्गा रहेको वतनमा तामेल हुनुको साथसाथै सर्जमीनसमेतको आधारमा लगत कट्टा भएको यस अवस्थामा मोहीकी पत्नीले १५ वर्षपछि प्रतिवादको मौका पाइन भनी अदालत प्रवेश गरेको देखिँदा निवेदिकाको निवेदन मागबमोजिम उत्प्रेषण र परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कुवेर पाण्डे
कम्प्युटरः भवानी ढुङ्गाना
इति संवत् २०७० साल असार २७ गते रोज ५ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६८-WO-१२१५, उत्प्रेषणयुक्त परमादेश, *ठगनी थरूनी वि. जगवीर रावतसमेत*
- ०६८-WO-१२१६, उत्प्रेषणयुक्त परमादेश, *ठगनी थरूनी वि. टेकबहादुर रावतसमेत*

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-WO-०७३२, उत्प्रेषणयुक्त परमादेश, *सुन्दर लोनिया वि. भूमिसुधार कार्यालय, बाँकेसमेत*

विपक्षीमध्येका गोमती लोनियाका नाम दर्ताको कि.नं. २९५ र ४७१ का जग्गाको मोही लगत कट्टा हुनुपूर्व मोही निवेदक सुन्दर लोनिया रहे भएको तथ्यमा कुनै विवाद छैन । सुन्दर लोनियाको मोही लगत कट्टा गरेको निर्णयउपर नै प्रस्तुत रिट निवेदन परेको देखिन्छ । भूमिसुधार कार्यालय, बाँकेमा गोमती लोनियाले आफ्नो नामदर्ताको कि.नं. २९५ र ४७१ का जग्गाको मोही लगतबाट सुन्दर लोनिया एकाघरको जेठाजु नाताको व्यक्ति हुँदा निजको नाम मोही लगतबाट कट्टा गरिपाऊँ भनी मिति २०६६।३।३ मा उदयपुर गा.वि.स. को सिफारिशसमेत साथै राखी निवेदन दिएपश्चात् भूमिसुधार कार्यालय, बाँकेले गा.वि.स. को सिफारिशसमेतलाई आधार मानी सुन्दर लोनियाको नाम भूमिसम्बन्धी ऐन, २०२१ को परिभाषा खण्ड २(ख) बमोजिमको आधारमा मोहीबाट लगत कट्टा हुने ठहऱ्याई मिति २०६६।३।८ मा निर्णय गरेको देखिन्छ । उक्त निर्णय गर्दा यी निवेदक सुन्दर लोनिया र गोमती लोनिया एकाघरका जेठाजु बुहारी हुन् होइनन्, मोही लगतबाट सुन्दर लोनियाको नाम कट्टा हुनुपर्ने हो, होइन भन्ने सम्बन्धमा रिट निवेदक सुन्दर लोनियालाई बुझ्ने कार्य गरेको भने देखिन आएन । न्यायिक निर्णय गरिँदा जसलाई असर गर्न सक्छ त्यसलाई उसको त्यस विषयमा के भनाई छ भनी प्रतिवाद गर्न मौका दिनुपर्दछ । उसको कुरा सुनुवाई गर्न उसलाई सुनुवाईको पर्याप्त र यथोचित मौका दिनुपर्ने हुन्छ । यो सर्वमान्य सिद्धान्त हो । न्यायिक अभ्यासमा त्यस किसिमको प्रतिवादको मौका दिने कार्यलाई अत्यन्त महत्त्वपूर्ण, अनिवार्य र अपरिहार्य प्रक्रिया मानिने ।

भूमिसुधार कार्यालय, बाँकेले मिति २०६६।३।८ मा निवेदकलाई प्रतिकूल प्रभाव पर्ने गरी निजको कायम रहेको मोहियानी लगत कट्टा गर्दा निजलाई प्रतिवादको मौका नै दिएको नदेखिएको र गोमती लोनियाको निवेदनका आधारमा मात्र निवेदक सुन्दर लोनियाको नाम मोही लगतबाट एकतर्फीरूपमा कट्टा हुने ठहऱ्याई गरेको मिति २०६६।३।८ को निर्णय सर्वमान्य प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब गोमती लोनियाको निवेदन

सम्बन्धमा रिट निवेदक सुन्दर लोनियालाई कानूनबमोजिम बुझी प्रतिवाद गर्ने मौका प्रदान गरी अपनाउनुपर्ने न्यायिक प्रक्रियाहरू अवलम्बन गरी कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षीमध्येको भूमिसुधार कार्यालय, बाँकेका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः कुवेर पाण्डे

कम्प्युटरः भवानी ढुङ्गाना

इति संवत् २०७० साल असार २७ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको ०६६-WO-०७३३, उत्प्रेषण परमादेश, *सुन्दर लोनिया वि. भूमिसुधार कार्यालय, नेपालगञ्ज, बाँकेसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

**एकल इजलास**

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६९ सालको रिट नं. ०६९-WH-००८६, बन्दीप्रत्यक्षीकरण, *युवराज अधिकारी वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत*

रिट निवेदकलाई जिल्ला अदालतबाट ३ महिना कैद र रू. ११,३६,२७०। जरीवाना हुने ठहर भै फैसला भएकोमा सोउपर म्याद पाई म्यादभित्र पुनरावेदन दर्ता गर्ने प्रक्रिया रहेको र सो पुनरावेदन दर्ता गर्न नपाउँदैका अवस्थामा रिट निवेदकलाई पक्राउ गरी थुनामा राखेको गैरकानूनी थुना भएकाले सो थुनाबाट मुक्त गरी पुनरावेदन दर्ता गर्न दिनु भन्ने आदेश जारी गरिपाऊँ भन्ने रिट निवेदन देखिन्छ । यी निवेदकलाई कैद तथा जरीवाना लागेको भन्ने कुरामा निवेदक स्वयंले स्वीकार गरेकै अवस्था देखिन्छ । यस्तो अवस्थामा कानूनबमोजिम जिल्ला अदालतको फैसलाले लागेको कैद तथा जरिवानाबापत जहिलेसुकै पक्राउ गर्नसक्ने कुरालाई कानून असम्मत् भन्न मिलेन । रिट निवेदकले दण्ड सजायको २३ नं. ले पनि अ.बं. १९४ नं. बमोजिमको सुविधा पाउने कुरालाई इङ्गित गरेको भनी बहसको क्रममा उठाए सम्बन्धमा हेर्दा सोही नम्बरमै सजाय पाउने कसूरदार हाजीर नरहेको भए गिरफ्तार गर्न अड्डाबाटै सम्बन्धित प्रहरी कार्यालयलाई आदेश गरी यसै महलको २५ र २६ नम्बरहरूमा लेखिएबमोजिमको कारवाहीसमेत चलाउनु पर्छ भन्ने कानूनी व्यवस्था रहेको देखिँदा कानूनबमोजिम अदालतको फैसलाले लागेको कैद र जरीवानाबापत पक्राउ परेकोमा सो पक्राउ गरेको कार्य गैरकानूनी भयो भन्ने कुरा देखिन आएन । यसरी हेर्दा यी रिट निवेदकको कानूनी तथा संवैधानिक हकमा आघात गरी गैरकानूनी थुनामा राखेको भन्न सकिने अवस्था भएन । प्रस्तुत विषयमा यी रिट निवेदकले अ.बं. १९४ नं. बमोजिमको सुविधा माग गर्नुभन्दा अगाडि नै थुनामा परिसकेको अवस्था देखिन्छ । थुनामा परिसकेपछि मात्र अ.बं. १९४ नं. को सुविधा पाऊँ भनी पुनरावेदन अदालतसमक्ष निवेदन दर्ता गरी अदालत प्रवेश गरेकोसमेत छ । सोअनुसारको सुविधा पाउने नपाउने भन्ने कुरा विचाराधीन रहेको अवस्थामा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको मुद्दा सान्दर्भिकसमेत देखिन नआएकोले प्रस्तुत मुद्दामा कारण देखाउने आदेश जारी गरी लिखित जवाफ मागी रहने कुरासमेत औचित्यपूर्ण देखिन नआउँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल असार ९ गते रोज १ शुभम् ।

**रीत/वेरीत आदेश**

१

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०७०-AP-००३४, अंश चलन, *सुन्दरमान ताम्राकार वि. नानीमाया ताम्राकारसमेत*

पुनरावेदन अदालत, पाटनको मिति २०६९।२।२५ को फैसलाले ५ भागको १ भाग अंश पाउने गरी निवेदकको हक पुगेको भनिएको कि.नं. १३१२ को जग्गा र सोमा बनेको घरको आयस्ता फिराद परेको मिति अर्थात् २०६६ साउनदेखि नै रोक्का राखिपाऊँ भनी मिति २०७०।४।१५ मा निवेदन दर्ता गरेको देखियो । निवेदकले दावी लिएको मितिमा निवेदकको हक पुगिसकेको अवस्था नदेखिएकोले निवेदन गर्नुअगाडिको मितिको आयस्ता रोक्का गर्न कानूनतः मिल्ने देखिएन । आयस्ता रोक्का राखिपाऊँ भनी निवेदकले दिएको मिति २०७०।४।१५ गतेदेखि मुद्दाको अन्तिम किनारा नलागेसम्मको लागि आयस्ता रोक्का राख्नु भनी यस अदालतका नि. रजिष्ट्रारबाट भएको मिति २०७०।४।१५ को आदेश मिलेकै देखिँदा परिवर्तन गरिरहनु परेन, कानूनबमोजिम गर्नू ।

इति संवत् २०७० साल भदौ ११ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RE-०२८०, लागू औषध, *नेपाल सरकार वि. रामप्रकाश महतो*

महोत्तरी जिल्ला अदालतले तत्काल प्राप्त प्रमाणहरूको मूल्याङ्कन गरी प्रतिवादीलाई मुद्दा पूर्पक्षको लागि थुनामा राख्ने आदेश गरेकोमा बिना आधार शुरू आदेश वेरीतको भनी बदर गरेको पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६९।९।५ मा भएको आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ । महोत्तरी जिल्ला अदालतले मिति २०६९।५।८ मा गरेको आदेश वेरीतको नदेखिएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल प्रतिवादीलाई पूर्पक्षको लागि थुनामा राखी मुद्दाको कारवाही गर्ने । इति संवत् २०७० साल भदौ १४ गते रोज ६ शुभम् ।

**पूर्ण इजलासमा पेश हुने**

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-००२१, ००२२, जवर्जस्ती करणी, *नेपाल सरकार वि. टसी वि.क.समेत*

प्रस्तुत विवादमा जवर्जस्ती करणी ठहर हुनुपर्ने हो वा जवर्जस्ती करणीको उद्योग मात्र हुने हो भन्ने सन्दर्भमा विचार गर्दा योनीमा लिङ्ग केही मात्र पनि प्रवेश नगरेको, चिकित्सकको रायमा पनि योनीमा कुनै प्रकारको शारीरिक क्षति नपुगेको भन्ने देखिएको अवस्थामा प्रतिवादीहरूलाई जवर्जस्ती करणी उद्योगमा सजाय गरेको देखिन्छ । यसै सम्बन्धमा (*नेकाप* २०४०, अङ्क १०, नि.नं. १७८०, पृष्ठ ६४२) मोतीराम तेली विरूद्ध श्री ५ को सरकार भएको जवर्जस्ती करणी मुद्दामा "डाक्टरबाट जाँच गराउँदा योनीको वरिपरि सानासाना सुख्खापनका श्राव देखिन्छ भन्ने उल्लेख भएको तथा जाहेरवाली र छोरीसमेतका बकपत्रबाट प्रतिवादीको प्रहरीसमक्षको साविती बयानलाई पुष्टि मिल्न आएको तथा क्षेत्रीय अदालतको फैसलामा उल्लेख भएका बुंदा प्रमाणहरू समेतको आधारमा जवर्जस्ती करणी गर्न उद्योग गरेको ठहऱ्याई जिल्ला अदालतले गरेको इन्साफलाई सदर ठहऱ्याएको क्षेत्रीय अदालतको इन्साफ मनासिब देखिने", त्यसैगरी (*नेकाप* २०६१, अङ्क ८, नि.नं.७४२५, पृष्ठ १०२५) डिल्लीराम भन्ने डिल्लीप्रसाद भण्डारी विरूद्ध निरबहादुर घिमिरेको जाहेरीले श्री ५ को सरकार भएको जवर्जस्ती करणी मुद्दामा "पीडितको कट्टुमा लागेको रगतको National Forensic Science Laboratory बाट रासायनिक परीक्षणसमेत भई दिएको प्रतिवेदनको रायमा पनि शुक्रकीट (Spermatolzoa) पत्ता नलागेको भन्ने उल्लेख गरिएको समेत आधार प्रमाणबाट प्रस्तुत वारदातमा जवर्जस्ती करणीको क्रिया सम्पन्न भएको नदेखिने । वारदात निर्ववादरूपमा पुष्टि भएको तथा पीडितको Labia majora / Labia minora मा नीलडाम रहेको भन्ने जनकपुर अंचल अस्पतालको प्रतिवेदनबाट देखिँदा प्रतिवादीले मुलुकी ऐन, जवर्जस्ती करणीको ५ नं. बमोजिमको जवर्जस्ती करणीको उद्योगसम्म गरेको देखिने" भन्ने सिद्धान्त प्रतिपादन भएको देखिने ।

यसै प्रकृतिको जवर्जस्ती करणी मुद्दामा कम उमेरकी बालिकाको योनीभित्र लिङ्ग प्रवेश नगरेकै आधारमा मात्र प्रतिवादीहरूलाई जवर्जस्ती करणी उद्योग मात्र ठहर नगरी जवर्जस्ती करणी ठहर गरेको अवस्था देखिन्छ । सो सम्बन्धमा (*नेकाप* २०६३, अङ्क २, नि.नं. ७६५२, पृष्ठ २३२) विष्णु अधिकारी विरूद्ध नेपाल सरकार भएको जवर्जस्ती करणी मुद्दामा "८ वर्षकी नाबालिग पार्वतीलाई आफ्नो लिङ्ग खेलाउन लगाई खाटमा सुताई बलपूर्वक निजको योनीमा लिङ्ग पुऱ्याई वीर्य स्खलन गराएको कार्य जवर्जस्ती करणीको कसूर नहुने भन्न नमिल्ने । योनीमा लिङ्ग प्रवेश नगरेसम्म जवर्जस्ती करणीको कसूर हुँदैन भनी सबै अवस्थामा व्याख्या गर्ने हो भने शारीरिकरूपमा कमजोर महिला माथि हुने यौनजन्य अपराधबाट प्रतिवादीले उन्मुक्ति पाउने अवस्था आउन सक्ने, त्यसैगरी (*नेकाप* २०६३, अङ्क ४, नि.नं. ७६८२ पृष्ठ ४६२) भीमबहादुर पोखरेल विरूद्ध नेपाल सरकार भएको मुद्दामा "मुलुकी ऐन, जवर्जस्ती करणीको १ नं. अनुसार जवर्जस्ती करणीको वारदात कायम हुनका लागि योनीभित्र लिङ्ग पूर्ण प्रवेश गरेको हुनुपर्ने वा योनीभित्रै वीर्य स्खलन भएको हुनुपर्ने वा पीडितको योनीको कन्याजाली च्यातिएको हुनुपर्ने भन्ने कुरा उल्लेख नभएको अवस्थामा लिङ्ग र योनीबीच सामान्य घर्षण पर्याप्त देखिने । घटनासँग सम्बन्धित अन्य तथ्यहरूबाट जवर्जस्ती करणी आपराधिक कार्य गरेको कुरा पुष्टि हुन आएको अवस्थामा योनीभित्र लिङ्गको पूर्ण प्रवेश नभएको, कन्याजाली नच्यातिएको, वीर्य स्खलित नभएको भन्ने आधारमा

अभियुक्तलाई आरोपित कसूरबाट मुक्त गर्न नमिल्ने", त्यसैगरी (*नेकाप* २०६५ अङ्क ५, नि.नं.७९६८ पृष्ठ ६२१) सुकबहादुर कुमाल विरूद्ध नेपाल सरकार भएको मुद्दामा "उमेर नपुगेकी अबोध बालिकाउपर प्रतिवादीबाट भएको यौनसम्बन्धी आक्रमण (Sexual Assault) निर्दयी र लज्जित प्रकारको कार्य मनसायपूर्वक र पूर्ण अपराधजन्य मनसायबाट बालिकाउपर गरिएको कार्य अशिष्ट आक्रमण मुलुकी ऐन, जवरजस्ती करणीको महलको १ नं.बमोजिम Sexual Offence भित्र पर्ने", त्यसैगरी (*नेकाप* २०६६, अङ्क ५, नि.नं. ८१४२, पृष्ठ ७४३) नेपाल सरकार विरूद्ध टेकबहादुर क्षेत्री भएको मुद्दामा "जवर्जस्ती करणीका लागि सम्पूर्ण प्रयास गरेको, त्यसमा कहीं कतैबाट हस्तक्षेपसमेत नभएको तर बालिकाको उमेर अत्यन्त कम भएकै कारणले मात्र योनीभित्र लिङ्ग प्रवेश नगरेको अवस्थालाई अपराधको गम्भीरता घटाउने आधार बनाउन नमिल्ने, बालिकाको उमेर अत्यन्त कम भएकै कारणले गर्दा बालिकाको योनीभित्र निजको लिङ्ग प्रवेश नगरेकै आधारमा निजको क्रियालाई जवर्जस्ती करणीको उद्योगको रूपमा मात्र सीमित गराउन नमिल्ने" भन्नेसमेत संयुक्त इजलासबाट सिद्धान्तहरू कायम भएको देखिने ।

जवर्जस्ती करणी अपराधसम्बन्धी मुद्दाहरूमा कुनै मुद्दामा योनीभित्र लिङ्ग प्रवेश नगरी बाहिर घर्षणसम्म भएकोलाई उद्ययोगसम्मको अपराध मानिएको देखिन्छ भने केही मुद्दामा जवर्जस्ती करणीको अपराध हुन बाहिर घर्षण नै पर्याप्त हुने भनी दुई भिन्नाभिन्नै जवर्जस्ती करणीको १ र ५ नं. को सम्बन्धमा छुट्टाछुट्टै संयुक्त इजलासहरूबाट फरकफरक व्याख्या भई कानूनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ । यस प्रकार जवर्जस्ती करणीको महलको १ नं को अपराध हुन कतिसम्मको कार्य भएमा पर्याप्त हुने र ५ नं अनुरूपको उद्योगको अपराध हुन के कतिसम्मको कार्य भएको हुनुपर्ने भनी सीमाङ्कनको निर्धारणमा कानूनी जटिलता रहेको पाइयो । एकै प्रकृति, एकै कसूरजन्य तथ्य र एकै कानूनी प्रश्न रहेका मुद्दाहरूमा कानूनी सिद्धान्तको सम्बन्धमा दुई संयुक्त इजलासको निर्णय भिन्नाभिन्नै भएको अवस्था देखिँदा उक्त विषयमा एकरूपता कायम गर्न उचित हुने देखिन्छ । अतः प्रस्तुत मुद्दाको विवाद पनि सोही प्रकृति, कसूरजन्य तथ्य र कानूनी प्रश्न रहेको देखिँदा र जवर्जस्ती करणी र यसको उद्योगको विभेद हुन आवश्यक भएको हुँदासमेत सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम १(ख) बमोजिम एकरूपता कायम हुने प्रयोजनार्थ पूर्ण इजलासमा पेश गर्नू ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी
कम्प्युटरः अमिररत्न महर्जन
इति सम्बत् २०७० साल असार ३० गते रोज २ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०७०-WO-०१३४, परमादेशसमेत, *सुमित्रा लामिछाने सुवेदीसमेत वि. उद्योग मन्त्रालयसमेत*

पदपूर्ति समिति घरेलु तथा साना उद्योग विकास समितिबाट मिति २०६६।१।१८ गते राजधानी दैनिक पत्रिकामा प्रकाशित गरेको पदपूर्तिसम्बन्धी विज्ञापनबमोजिमका पदहरूको परीक्षा कार्यक्रम सीमित तर्फको विज्ञापन सर्वोच्च अदालतको आदेशबाट बदर भएको, अन्य खुल्लातर्फ समावेशी पदहरूको परीक्षा कार्यक्रम बजेट अभावका कारण सञ्चालन गर्न नसकिएको कारण जनाई रद्द गर्ने गरी मिति २०७०।४।६ को गोरखापत्रमा सूचना प्रकाशित भएको देखिँदा सो सूचना प्रस्तुत मुद्दाको टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु, नगराउनु भनी प्रत्यर्थीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल भदौ २ गते रोज १ शुभम् ।

२

**मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०७०-WO-०१३६, उत्प्रेषणसमेत, *दमयन्ती प्रधान वि. पुनरावेदन अदालत, पाटनसमेत*

काठमाडौं जिल्ला अदालतबाट मिति २०५९।८।२८ गते भएको लेनदेन मुद्दाको फैसलाबमोजिम फैसला कार्यान्वयनको निमित्त निवेदिकाको नाम दर्ताको का.जि.का.न.पा. वडा नं. १ कि.नं. ७०४ को क्षेत्रफल १-१२-०-० को जग्गाबाट लिलाम बिक्रीसमेत गरी लेनदेनको बिगो असूल गर्ने कार्य अगाडि बढेको हुँदा निवेदिका घरको मुख्य व्यक्तिको मञ्जूरी बेगर भएको लेनदेन व्यवहारबाट निवेदिकाको नाम दर्ताको जग्गाबाट बिगो असूल गर्ने कार्य *नेकाप* २०६५, नि.नं. ७९२४, पृ. १२२ मा प्रतिपादित नजीरसमेतको प्रतिकूल हुने भन्ने निवेदिकाको दावी रहेको देखिँदा प्रस्तुत मुद्दाको

अन्तिम टुङ्गो नलागेसम्म निवेदिकाको नाम दर्ताको उक्त का.जि.का.म.न.पा. वडा नं. १ कि.नं. ७०४ को जग्गाबाट बिगो असूलउपर गर्ने कार्य नगर्नु, नगराउनु भनी प्रत्यर्थीहरूका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल भदौ २ गते रोज १ शुभम् ।

## cbfnt ultljlw

### ;jf]{Rr cbfntdf g]kfnL efiff k|lzIf0f



**k|lzIf0f sfo{qmdd ;xefuLx?sf] Ps emns**

२०७० साल भदौ १३ र १४ गते सर्वोच्च अदालत तथा पुनरावेदन अदालत, पाटनमा कार्यरत् इजलास अधिकृतहरूका लागि दुई दिने नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम सम्पन्न भयो। सो कार्यक्रमको थालनीमा सर्वोच्च अदालतका माननीय न्यायाधीश एवं सम्पादन तथा प्रकाशन समितिका अध्यक्ष श्री प्रकाश वस्तीले आफ्नो मन्तव्य राख्दै उहाँले अदालतबाट तयार हुने लिखतहरू भाषिक रूपमा शुद्ध र सजिलैसँग बुझ्न सक्ने हुनुपर्दछ । अदालतका फैसलाहरू लक्षित वर्गसम्म पुऱ्याउनका लागि भाषागत रूपमा शुद्ध, सबैले बुझ्न सक्ने गरी वाक्य गठन र सरल हुन आवश्यक छ। सरल र शुद्ध लेख्न सकिए त्यसबाट सर्वत्र राम्रो सन्देश जाने बताउँदै उहाँले यस कार्यक्रमले थोरै मात्रामा भए पनि हाल प्रयोगमा रहेको अदालती भाषामा सुधारका सङ्केतहरू देखिने आशा व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा समितिका सदस्य तथा सर्वोच्च अदालत अनुसन्धान महाशाखा प्रमुख सहरजिष्ट्रार श्री लालबहादुर कुँवरले सहभागी सबैलाई स्वागत गर्नु हुँदै कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नु भएको थियो। उहाँले लक्षित वर्गमा अदालतबाट निरूपण भएका फैसलाहरूसरल तथा वोधगम्य नेपाली भाषाद्वारा सम्प्रेषण हुनु सकारात्मक भएकोले समयको वहावसँगै शुद्ध लेखनमा हामी विशेष चनाखो हुनुपर्ने कुरा औल्याउनु भएको थियो। उक्त कार्यक्रममा सम्पादन शाखामा कार्यरत कर्मचारीहरूको समेत सहभागिता रहेको थियो।

सर्वोच्च अदालतमा कार्यरत भाषाविद् श्री भीमनाथ घिमिरेको समेत उपस्थिति रहेको यस प्रशिक्षण सत्रको शुभारम्भ भाषाविज्ञद्वय नेपाल ल क्याम्पसका सहप्राध्यापक श्री गोविन्दप्रसाद घिमिरे तथा काठमाडौं स्कूल अफ लका उपप्राध्यापक श्री रामचन्द्र फुँयालले गर्नु भएको थियो। दुई दिनसम्म सञ्चालित उक्त कार्यक्रमको समापनका अवसरमा सहभागीहरूबाट यस प्रकारको कार्यक्रम समयसमयमा भैरहनु पर्ने कुरा जोडदाररूपमा उठाउनु भएको थियो। सो कार्यक्रमको सञ्चालन सम्पादन तथा प्रकाशन समितिका सचिव श्री राजन वास्तोलाद्वारा भएको थियो।

प्रशिक्षण कार्यक्रममा निम्नलिखित कर्मचारीहरूको सहभागिता रहेको थियोः

1= इजलास अधिकृत श्री कमलप्रसाद ज्ञवाली, सर्वोच्च अदालत
2= शाखा अधिकृत श्री ममता खनाल ,,
3= ,, श्री दीक्षा प्रधानाङ्ग ,,
4= ,, श्री सुशीलकुमार यादव ,,
5= ,, श्री रिन्जा डंगाले ,,
6= ,, श्री श्रद्धा रिजाल ,,
7= ,, श्री सीता अधिकारी ,,
8= ,, श्री मिना गुरुङ ,,
9= ,, श्री देवीकुमारी चौधरी ,,
10= ,, श्री निर्मला खड्का ,,
11= ,, श्री हर्कबहादुर क्षेत्री ,,
12= ,, श्री कुवेर पाण्डे ,,
13= ,, श्री प्रेमप्रसाद न्यौपाने, ,,
14= ,, श्री निर्मला भट्टराई ,,
15= ,, श्री मुकुन्द निरौला ,,
16= ,, श्री खेमकुमारी वस्नेत ,,
17= ,, श्री नगेन्द्रकुमार कालाखेती ,,
18= ,, श्री यज्ञप्रसाद आचार्य ,,
19= ,, श्री तीर्थराज भट्टराई ,,
20= ,, श्री शकुन्तला कार्की, ,,
21= ,, श्री प्रदीपकुमार उपाध्याय, पुनरावेदन अदालत, पाटन
22= ,, श्री फणेश्वरी घिमिरे ,,
23= ,, श्री शम्भुप्रसाद रेग्मी ,,
24= ,, श्री दिनेशप्रसाद घिमिरे ,,
25= ,, श्री मधुसुदन आचार्य ,,
26= ,, श्री कृष्णबहादुर ऐर ,,
27= ,, श्री जयराम श्रेष्ठ ,,
28= ,, श्री मोहनप्रसाद वेलवासे ,,
29= ,, श्री कर्णबहादुर राई ,,
30= ,, श्री ताराकुमारी शर्मा ,,

उक्त प्रशिक्षण कार्यक्रममा व्यावहारिक कक्षा पनि सञ्चालन गरिएको थियो, जसमा अदालतबाट लेखिएका केही फैसलाका नमूनाहरू पनि प्रशिक्षार्थीहरू समक्ष छलफलका लागि प्रस्तुत गरिएका थिए । त्यस्ता केही सामग्री यस बुलेटिनमा समावेश गरिएका छन् ।

कार्यक्रमको अन्त्यमा सहभागीहरूबीच कार्यक्रमको प्रभावका सम्बन्धमा सर्वेक्षण समेत गरिएको थियो ।

# km};nf n]vg cEof; ;fdu|L

### ३४० शब्दको एउटै वाक्य भएको मस्यौदा

जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडले शैक्षिक सत्र २०६६ को लागि कक्षा १ देखि १० सम्मको पाठ्यपुस्तक छपाई कार्य आफैले र आफूले कागज उपलव्ध गराई अन्य मुद्रण गृहबाट छपाई कार्य गर्दा समयभित्र नभ्याइने भएको भनी मिति २०६५।११।१५ को प्रवन्ध संचालकको निर्णयबाट छपाई कार्य गर्न नेपाल साहित्य प्रकाशन केन्द्रलाई कक्षा ६ देखि १० सम्मको पाठ्यपुस्तक छपाई कार्य गराउँदा सार्वजनिक खरीद ऐन २०६३ को दफा १४ अनुसार बोलपत्र आह्वान नगरेको, जनक शिक्षा सामाग्री केन्द्र लि.आर्थिक प्रशासन विनियमावली २०५८ को उप विनियम ३(घ) अनुसार बाध्यात्मक प्रकृया पूरा नगरी उक्त कार्य गर्ने गराउने गरेको हुँदा आर्थिक प्रशासन विनियमावली, २०५८ को विनियम २० को २ तथा सार्वजनिक खरीद नियमावली, २०६४ को दफा ६७ अनुसारको सीमाभन्दा बढी रकमको कार्य गर्न संचालक समितिमा स्वीकृतिको लागि पठाउनु पर्नेमा प्रवन्ध संचालकले आफै स्वीकृत गर्ने गरेको, मनासिव कारण बिना शैक्षिक सत्र २०६६ को लागि आवश्यकताभन्दा अस्वाभाविक रुपमा बढी पाठ्यपुस्तक छपाई गर्न लगाउने तथा उक्त कार्य गर्न समय अभाव देखाई गरिएको भए तापनि शिल, कोटेशनसमेत माग गर्ने प्रकृया कानूनसम्मत नभएको प्राप्त शिल कोटेशनको लागि आवश्यक बाध्यात्मक कागजात समावेश हुनुपर्नेमा नहेरी निर्णय प्रकृया अगाडि बढाई स्वीकृत गराएको र उल्लेखित छपाई कार्य प्राप्त गर्ने उद्देश्यले अन्य विभिन्न प्रशासकहरुको लेटरप्याड लिई आफैले भरी छाप, दस्तखतसमेत आफैले नै गरी शिल कोटेशन जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडमा बुझाएको, नेपाल साहित्य केन्द्रका प्रोप्राइटर मोहनकुमार उपाध्यायले साविती बयानसमेत दिएको देखिँदा कम दरमा छपाईको कार्य हुन सक्ने अवस्था हुँदाहुँदै संस्थालाई हानी हुन गएको बढी रकम रु.७९,५९,४२६।- मा छपाई गराउने कार्य गराएको हुँदा नेपाल साहित्य प्रकाशन केन्द्रबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(क) बमोजिम सो केन्द्रलाई भुक्तानी गर्न बाँकी रकमबाट भरी भराउ गर्न र नेपाल साहित्य प्रकाशन केन्द्रलाई भविष्यमा सरकारी र सार्वजनिक संस्थाको छपाई कार्य गर्न नपाउने गरी रोक लगाउन नपर्ने कारण भएमा स्पष्टीकरण पेश गर्न मिति ०६६।८।३० मा सोधिएकोमा स्पष्टिकरणको जवाफ सन्तोषजनक नदेखिएकोले निज मोहनकुमार उपाध्याय र निज प्रोप्राइटर रहेको नेपाल साहित्य प्रकाशन केन्द्रलाई नेपाल सरकार र सार्वजनिक संस्थाको छपाई कार्य गर्न नपाउने गरी रोक लगाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम २५(च) अनुसार शिक्षा मन्त्रालय र जनक शिक्षा सामाग्री केन्द्रलाई लेखी पठाउने भन्ने समेत

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६६।९।१३ मा भएको निर्णय ।

## ck]llft d:of}bf

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले शैक्षिक सत्र २०६६ को लागि कक्षा १ देखि १० सम्मको पाठ्यपुस्तक छपाइ कार्य आफैंले र आफूले कागज उपलब्ध गराई अन्य मुद्रण गृहबाट छपाइ कार्य गर्दा समयभित्र नभ्याइने भएको भनी मिति २०६५।११।१५ को प्रबन्ध सञ्चालकको निर्णयबाट छपाइ कार्य गर्न नेपाल साहित्य प्रकाशन केन्द्रलाई कक्षा ६ देखि १० सम्मको पाठ्यपुस्तक छपाइ कार्य गराउँदा सार्वजनिक खरीद ऐन २०६३ को दफा १४ अनुसार बोलपत्र आह्वान नगरेको, जनक शिक्षा सामग्री केन्द्र लि.आर्थिक प्रशासन विनियमावली २०५८ को उप विनियम ३(घ) अनुसार बाध्यात्मक प्रक्रिया पूरा नगरी उक्त कार्य गर्ने गराउने गरेको हुँदा आर्थिक प्रशासन विनियमावली, २०५८ को विनियम २० को २ तथा सार्वजनिक खरीद नियमावली, २०६४ को दफा ६७ अनुसारको सीमाभन्दा बढी रकमको कार्य गर्न सञ्चालक समितिमा स्वीकृतिको लागि पठाउनु पर्नेमा प्रबन्ध सञ्चालकले आफैं स्वीकृत गर्ने गरेको, मनासिब कारण बिना शैक्षिक सत्र २०६६ को लागि आवश्यकताभन्दा अस्वाभाविक रूपमा बढी पाठ्यपुस्तक छपाइ गर्न लगाउने तथा उक्त कार्य गर्न समय अभाव देखाई गरिएको भए तापनि सिल, कोटेसनसमेत माग गर्ने प्रक्रिया कानूनसम्मत नभएको प्राप्त सील कोटेसनको लागि आवश्यक बाध्यात्मक कागजात समावेश हुनुपर्नेमा नहेरी निर्णय प्रक्रिया अगाडि बढाई स्वीकृत गराएको र उल्लिखित छपाइ कार्य प्राप्त गर्ने उद्देश्यले अन्य विभिन्न प्रशासकहरूको लेटरप्याड लिई आफैंले भरी छाप, दस्तखतसमेत आफैंले नै गरी सील कोटेसन जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा बुझाएको, नेपाल साहित्य केन्द्रका प्रोप्राइटर मोहनकुमार उपाध्यायले साविती बयानसमेत दिएको देखिँदा कम दरमा छपाइको कार्य हुन सक्ने अवस्था हुँदाहुँदै संस्थालाई हानि हुन गएको बढी रकम रु.७९,५९,४२६।- मा छपाइ गराउने कार्य गराएको हुँदा नेपाल साहित्य प्रकाशन केन्द्रबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(क) बमोजिम सो केन्द्रलाई भुक्तानी गर्न बाँकी रकमबाट भरिभराउ गर्न र नेपाल साहित्य प्रकाशन केन्द्रलाई भविष्यमा सरकारी र सार्वजनिक संस्थाको छपाइ कार्य गर्न नपाउने गरी रोक लगाउन नपर्ने कारण भएमा स्पष्टीकरण पेस गर्न मिति २०६६।८।३० मा सोधिएकोमा स्पष्टीकरणको जवाफ सन्तोषजनक नदेखिएकाले निज मोहनकुमार उपाध्याय र निज प्रोप्राइटर रहेको नेपाल साहित्य प्रकाशन केन्द्रलाई नेपाल सरकार र सार्वजनिक संस्थाको छपाइ कार्य गर्न नपाउने गरी रोक लगाउन अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम २५(च) अनुसार शिक्षा मन्त्रालय र जनक शिक्षा सामग्री केन्द्रलाई लेखी पठाउने भन्ने समेत अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६६।९।१३ मा भएको निर्णय ।

## ;jf]{Rr cbfnt ;Dkfbg tyf k|sfzg ;ldltåf/f ;~rflnt Ohnf; clws[tx¿sf] nflu g]kfnL efiffsf] eflifs k|lzIf0f sfo{qmd

-;jf]{Rr cbfnt,
@)&), ebf} !# / !$_
hDdf ;xefuL
;+VofM #)

## ;xefuLx¿sf] dt ;j]{If0f

**१. यो तालिम तपाईंलाई कस्तो लाग्यो ?**

(क) बेकार ☐ (ख) ठीकै ☐ ४ (ग) उपयोगी ☐ २६

**२. यस्ता तालिम बेला-बेलामा भइरहनु पर्ला कि नपर्ला ?**

(क) हुनु राम्रो ☐ १० (ख) काम छैन ☐ (ग) हुनै पर्छ ☐ २०

**३. तालिम अवधि बारेमा तपाईं के भन्नु हुन्छ ?**

(क) अति छोटो भयो ☐ १५ (ख) ठीकै छ ☐ ४ (ग) अलि व्यवस्थित चाहिन्छ ☐ ११

**४. तालिमलाई छानिएका विषय कस्ता लागे ?**

(क) विषय कम भए ☐ १९ (ख) ठीकै छन् ☐ १० (ग) विल्कुलै भएनन् ☐ १

**५. तालिमबाट के सिकियो जस्तो लाग्दछ ?**

(क) शब्दको प्रयोगको महत्व हुँदो रहेछ☐ २२

(ख) भाषाको प्रयोगबाट निर्णयलाई भाषिक दृष्टिले पनि नजीर बनाउन सकिने रहेछ ☐ ८

(ग) केही सिकिएन, रमाइलो मात्र भयो ☐

**६. यस्ता तालिम कति अवधिको भए राम्रो होला ?**

(क) ३ दिने ☐ ८ दिने (ख) ७ दिने ☐ २० (ग) १ महिने ☐ २०

**७. तालिमलाई अझ बढी राम्रो बनाउन के गर्नुपर्ला ?**

(क) तालिम पछि प्रशिक्षार्थीको परीक्षा लिने ☐ ५

(ख) बढुवा / नियुक्तिमा भाषिक तालिमलाई पनि आधार बनाउने ☐ ६

(ग) यस्ता तालिम कम्तीमा वर्षको एक पटक गर्ने ☐ १९

**८. प्रशिक्षकहरूका सम्बन्धमा तपाईको भनाई ?** (आन्तरिक प्रयोजनका लागि मात्र)

**(क) श्री गोविन्द घिमिरे**

(क) अति उत्तम ☐ (ख) उत्तम ☐ (ग) ठीकै ☐

**(ख) श्री रामचन्द्र फुयाल**

(क) अति उत्तम ☐ (ख) उत्तम ☐ (ग) ठीकै ☐

**९. प्रशिक्षण पद्धति कस्तो लाग्यो ?**

(क) व्यवहारिक ☐ १७ (ख) औपचारिक ☐ ५ (ग) सुधारका सम्भावना छन् ☐ ८

**१०. अन्य केही सुझाउ भए**

कूल सहभागीमध्ये आधाजसोले समय बढाउने, भौतिक सुविधा बढाउने, सबै तहमा तालिम दिनुपर्ने, प्रयोगात्मक कक्षा थप हुनुपर्ने जस्ता सुझाउ दिनु भएको थियो ।

- आफूले राजेको उत्तरमा रेजा ( ✓ ) चिन्ह लगाउने
- उत्तरदाताले आफ्नो नाम लेख्न चाहेमा लेख्दा हुने ।